वर्ष : १५, अंक : ३४, काठमाडौं, २०७६ पुस ४ गते शुक्रबार, 20 December 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## आशंका गर्नुहुन्न : भट्टराई



काठमाडौं। समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराईले नेकपा र राजपा नेपालबीचको दुई बुँदे सहमतिले दिर्घकालीन असर नपार्ने दाबी गरेका छन् । दुई पार्टीबीच राष्ट्रियसभा निर्वाचनमा तालमेल गर्ने सहमति भएलगत्तै सामाजिक सञ्जाल ट्वीटरमार्फत प्रतिक्रिया दिँदै अध्यक्ष भट्टराईले सो प्रतिक्रिया दिएका हुन् । भट्टराईले भनेका छन्, 'राष्ट्रियसभाको निर्वाचनमा तालमेल भनेको विशुद्ध कार्यनीतिक र तत्कालीक मुद्दा हो । यसलाई दीर्घकालीन रणनीतिसँग जोडेर धेरै आशंका गर्नु उपयुक्त हुन्न ।' भट्टराईले संविधान संशोधन जस्ता रणनीतिक मुद्दा मिल्ने शक्तिहरू एकताबद्ध हुनुपर्नेमा जोड पनि दिएका छन्। 'संविधान संशोधनजस्ता रणनीतिक मुद्दा मिल्ने शक्तिहरू एकताबद्ध हुनैपर्छ। नत्र दुईवटा बिरालाको झगडामा बाँदरले रोटी खाइदिएजस्तो हुनसक्छ।'

## ओलीको हातमा बिक्नेवाला : राउत



काठमाडौं । सत्तारूढ नेकपा र प्रतिपक्षी राजपा नेपालबीच आसन्न राष्ट्रियसभा निर्वाचनका लागि सहकार्य गर्ने सहमति भएपछि जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले टिप्पणी गरेका छन् । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमले सरकार गठनताका गरेको सहमति र हाल नेकपा-राजपाबीच भएको दुई बुँदे सहमतिका विषयमा टिप्पणी गर्दै राउतले 'उनीहरूलाई ओलीको हातमा बिक्नेवाला' भनेर टिप्पणी गरेका छन् । राउतले हिन्दी भाषामा सामाजिक सन्जाल फेसबुकमा लेख्दै भनेका छन्, 'आँख हैं तो मधेश को बारबार बेचनेवाले, 'ओली के हाथों बिकनेवाले 'राजपा, फोरम समाजवादी) को देखो । वरना हीरा को ईंट सम्झकर मारते रहो ।' उनले फोरम समाजवादी र राजपाका नेताहरूले आफ्नो पार्टीको विषयमा जनता माझ भ्रम छरेको समेत दावी गरेका छन् ।

# सहमति काठमाडौंमा, परकम्प जनकपुरमा

## दुईबुँदे सहमतिले नयाँ ध्रुवीकरणको सम्भावना, उपेन्द्रलाई झट्का

मधेशवाणी डेस्क

काठमाडौं । सत्तारूढ नेकपा र प्रतिपक्षी राजपा नेपालले आगामी माघ ९ गते हुने राष्ट्रिय सभा निर्वाचनमा तालमेल गर्ने सहमति गरेको छ ।

जिल्ला अदालत कैलालीले टीकापुर घटनामा रेशम चौधरीसहित ११ जनालाई जन्मकैदको फैसला सुनाएलगत्तै राजपाले २०७५ साल फगुन २२ गते केपी ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

त्यसयता राजपा नेकपाबीचको सम्बन्ध सुमधुर बन्न सकेको थिएन । समर्थन फिर्ता गर्नेबेला राजपाले संविधान संशाधन नगरेको, मधेस र थारूहट आन्दोलनका बन्दी रिहा र मुद्दा फिर्ता नगरेको भन्दै सरकारलाई दिएको समर्थन फिर्ता गर्नुपरेको जनाएको थियो ।



दुई दलबीच निर्वाचनमा तालमेल गर्न गरेको सहमतिको तरंग राजनीतिक वृतमा परेको छ । राजपा तिनै दल हुन जसले केपी ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षी बेञ्चमा बस्दै आएका थिए र अहिले सरकारको नेतृत्वकर्ता दल नेकपासँग नया सहमति गरेको छ ।

राजपाको प्रतिस्पर्धी मानिएको अर्को दल समाजवादीलाई सरकारमै सामेल गराएको नेकपाले राजपासँग एकाएक सहकार्य गर्न पुगेपछि समाजवादीलाई 'चक्मा' र राजपालाई 'सरप्राइज' दिन सफल भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा दुई दलले प्रदेश २ का चारमध्ये दुई/दुई सिट लिने सहमति गरेका हुन्। प्रदेश २ का आठमध्ये रिक्त हुन लागेका चार सिटमा निर्वाचन हुँदै छ।

राष्ट्रिय सभामा राजपाको दुई स्थान खाली हुँदैछ भने नेपाली कांग्रेस र समाजवादी पार्टीको एक-एक स्थान खाली हुँदैछ । दुई दलको गठबन्धनले निर्वाचन जित्यो भने राजपाले खाली भएको स्थानमा आफ्नै सांसद पठाउन पाउनेछ भने नेकपालाई दुई सांसद फाइदा हुनेछ ।

नेकपा र राजपाको सहमतिअनुसार अन्य पुरूष समूह र अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूहबाट राजपाका दुई उम्मेदवारलाई नेकपाले सघाउनेछ भने महिला र दलित पुरूष समूहबाट नेकपाका दुई उम्मेदवारलाई राजपाले सघाउनेछ।

राष्ट्रिय राजनीतिका समसामयिक विषयमा नियमित छलफल गर्ने र सहकार्यको प्रक्रियालाई अघि बढाउने पनि उनीहरूले सहमति गरेका छन् । तर, राजपाका नेताहरूले नेकपासँग भएको सहमति राष्ट्रिय सभा निर्वाचनका लागि मात्रै सहकार्य भएको दाबी गरेका छन्। 'अहिलेको सहमति राष्ट्रिय सभा निर्वाचनका लागि मात्रै हो,' राजपाका एक नेताले बताए । ती नेताले यो सहमतिलाई 'आइसब्रेक'को संज्ञा दिएका छन् । 'अब सहमतिको यात्रा सुरू हुने सम्भावना बढेको छ,' ती नेताले भने, 'अबका दिनमा सरकार र सरकारको नेतृत्व गरेको दलसँग हाम्रो सम्बन्ध थप बलियो हुनसक्छ ।' समाजवादी पार्टी एक्लैले नेकपासँग तालमेल गरेर अघि बढ्ने संकेत देखाएपछि आफूहरूले नेकपासँग सहमति गरेको ती नेताको पनि दाबी छ ।

सहमतिपत्रमा नेकपाका अध्यक्षद्धय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' तथा राजपाका संयोजक महत्तोले हस्ताक्षर गरेका छन्।

नेकपासँग भएको सहमतिबाट समाजवादी पार्टीसँगको एकतामा कुनै फरक नपर्ने पनि राजपा नेताको दाबी छ । समाजवादी सरकारमा हुँदा नै राजपाले एकताको कुरा गर्दै आएकाले पछिल्लो घटनाक्रमले कुनै असर नपर्ने राजपको जिकिर छ। राष्ट्रिय सभा निर्वाचन तालमेल र समाजवादीसँगको एकता फरक-फरक विषय भएको पनि राजपाले तर्क गरेको छ ।

**नयाँ ध्रुवीकरणको संकेत**

नेकपा-राजपाबीच भएको दुई बुँदे सहमतिले नयाँ राजनीतिक ध्रुवीकरणको संकेत गरेको छ ।

सहमतिको एउटा बुँदामा राष्ट्रिय सभा निर्वाचनमा प्रदेश नम्बर २ का चारवटै सीटमा भागबण्डा गर्ने उल्लेख छ । अर्को बुँदा अलि अमूर्त छ । जसमा भनिएको छ-'राष्ट्रिय राजनीतिका समसामयिक विषयहरूमा नियमितरूपमा छलफल गर्ने र सहकार्यको प्रक्रिया अघि बढाउने ।' राष्ट्रिय राजनीतिमा त अन्य राजनीतिक दलले पनि सहकार्य गरिरहेकै छन्, यसलाई सहमतिको बुँदामा उल्लेख गरिनुले पनि नयाँ ध्रुवीकरणको संकेत गरेको हो । यो सहमतिसँगै सरकारमा रहेको अर्को मधेशवादी दल समाजवादी पार्टीमाथि नैतिक संकट थपिएको छ । पछिल्लो सहमतिले राजपा केन्द्र सरकारमा सहभागी हुनसक्ने संकेत पनि गरेको छ । यदि त्यस्तो भयो भने यसको 'साइड इफेक्ट' प्रदेश २ को सरकारमा पनि पर्न सक्छ ।

अहिले प्रदेश २ मा राजपा-समाजवादी पार्टीको संयुक्त सरकार छ । प्रदेश २ को सरकार र केन्द्र सरकारबीच बेलाबखत विवाद उत्पन्न हुने गरेका छन् । प्रदेश सरकारले क्षेत्राधिकारको विषयलाई लिएर केन्द्र सरकारविरूद्ध सर्वोच्च अदालतमा रिटसमेत दायर गरेको छ ।

संघीयता कार्यान्वयनको चरणमै रहेको समयमा केन्द्र सरकारसँग खटपट गरिरहेको विषय नेकपाको नेतृत्व र सिंहदरबारले मन पराएको छैन । त्यसकारण सहमतिपछि प्रदेश २ मा राजपा र नेकपाको सरकार बन्ने सम्भावनालाई समेत नकार्न सकिँदैन ।

**उपेन्द्रलाई झट्का**

नेकपा र राजपाबीच सहमति हुँदा सत्ता साझेदार दल समाजवादी पार्टीलाई भने वेवास्ता मात्रै गरिएको छैन अध्यक्ष उपेन्द्र यादवलाई झट्का पनि लागेको छ । नेकपा-राजपाबीच पछिल्लो सहमतिबाट समाजादी सशंकित पनि बनेको छ ।

निर्वाचनका लागि आफूहरूसँग छलफल नै नगरी हतार-हतार भएको सहमतिले आफूहरू आश्चर्यचकित भएको समाजवादी पार्टीका नेताहरूको भनाइ छ । तर उनीहरू राष्ट्रियसभा निर्वाचनका लागि मात्रै गठबन्धन भएकाले संघीय सरकारमा यसले कुनै असर नपार्ने तर्क गर्छन् । नेकपा-राजपा सहमतिले समाजवादीलाई एक्ल्याउने संकेत हुन पनि हुन सक्छ । किनभने पछिल्लो दुई बुँदे सहमतिको सन्देश पनि प्रष्ट छ-नेकपा सत्ता साझेदार समाजवादी पार्टीलाई पन्छाएर आउने दिनमा राजपासँग राजनीतिक हातेमालो गर्न चाहन्छ । अब राजपा र समाजवादी दल मिलेर बनाएको मुख्यमन्त्री लालबाबु राउतको सरकारको भविष्य के होला भन्ने चर्चा पनि सुरू भएको छ । किनकी नेकपा र राजपाबीच भएको नयाँ सम्बन्धलाई चुनावी तालमेल मात्र होइन बरू दीर्घकालीन महत्वको सहकार्यको रूपमा पनि बुझन सकिन्छ । किनभने राष्ट्रिय सभामा

बाँकी अन्तिम पृष्ठमा

## 'सीमा विवादमा सरकारी रवैया खोक्रो राष्ट्रवाद'



नयाँ दिल्ली । नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले भारतसँगको सीमा विवाद समाधानका लागि वर्तमान सरकारले केही गर्न नसकेको आरोप लगाएका छन् । भारतको नयाँदिल्लीमा नेपाली जनसम्पर्क समितिले आयोजना गरेको कार्यक्रममा बोल्दै नेता पौडेलले सीमा विवादमा सरकारी रवैयालाई खोक्रो राष्ट्रवादको संज्ञा दिए ।

कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालकै भएको भन्दै उनले सार्वभौममुलुक नेपालको स्वतन्त्र अस्तित्व स्विकार गर्नुको विकल्प भारतसँग नरहेको बताए ।

भारत नेपालको नजिकको छिमेकी भए पनि दुई देशबीच धेरै गुनासा र समस्या रहेको बताउँदै पौडेलले कूटनीतिक ढंगले समस्या समाधान गर्नुपर्ने बताए ।

## कर्मचारी भर्नाको काम सुरू

जनकपुर । प्रदेश २ को प्रदेश लोकसेवा आयोगले कर्मचारी भर्नाका लागि आवश्यक ऐन-कानुन तथा विज्ञहरूको छनोट प्रक्रिया सुरू गरेको छ । कात्तिक ४ गते पूर्णता पाएको सो आयोगले पहिलो चरणमा कार्यालय व्यवस्थापनका साथै कर्मचारी भर्नाका लागि आवश्यक पर्ने ऐन, नियमावली, निर्देशिका तथा आचारसंहितालगायत निर्माणमा जुटेको छ ।

लोकसेवा आयोगकै मापदण्डको हिसावले प्रदेश लोकसेवाले पनि कर्मचारी भर्ना गर्न सक्ने आयोगका प्रवक्ता गंगेश गुञ्जन झाले बताए । उनका अनुसार लोकसेवा आयोगकै ऐन-कानुनलाई टेकेर प्रदेश लोकसेवा आयोगको ऐन-कानुन बनाइएको छ । त्यसैले, ऐन-कानुन देशभरि लागू हुन्छ । तर प्रदेशको आवश्यकता र भूगोललाई ध्यानमा राखेर प्रदेश लोकसेवाको ऐन-कानुनको मस्यौदा तयार गरिएको पनि उनले बताए ।

प्रदेश सरकार तथा प्रदेश २ मा रहेका स्थानीय तह, प्रदेश प्रहरीलगायतका लागि आवश्यक पर्ने कर्मचारी प्रदेश लोकसेवाले छनोट गर्ने संवैधानिक व्यवस्था रहेको झाको भनाइ छ ।





सन्दर्भ : पुस १ — रोशन जनकपुरी



## यस्तो थियो राजा महेन्द्रको तानाशाही कदम

**नेपाली इतिहासमा यो दिन एउटा नकारात्मक पाठको रूपमा दर्ज छ, जसले जनवादी शक्तिहरू विभाजित र विचलित भए फासीवादी शक्ति सहजै हाबी हुने गर्छ।**

पुस १ गते, राजा महेन्द्रले ०१७ सालमा बहुदलीय प्रजातान्त्रिक राजतन्त्रात्मक व्यवस्था मातहतको तत्कालीन संसदीय निर्वाचनबाट दुई तिहाई मतले निर्वाचित नेपाली काँग्रेसको सरकारलाई अपदस्थ गरी पञ्चायती प्रजातन्त्र नामक निरंकुश तानाशाही राजतन्त्रात्मक व्यवस्थाको सूत्रपात गरेको कालो दिनको रूपमा इतिहासमा अंकित छ। यसबाट मुक्त हुन नेपाली जनताले पहिलो चरणमा तीस वर्षसम्म निरन्तर संघर्ष गर्नु पऱ्यो। ०३६ सालमा षडयन्त्रपूर्वक बहुदलीय प्रजातन्त्रका पक्षधरहरूलाई हराइएको जनमतसंग्रह हुँदै २०४६ सालमा देशव्यापी जनआन्दोलनको दबाबमा बहुदलीय व्यवस्था सामु शाह वंशीय राजतन्त्रले घुँडा टेक्यो र नेपाली जनताले निरंकुशतामुक्त राजनीतिक वातावरणमा साँस फेर्न पाए। तर यो राजनीतिक उन्मुक्तता आंशिक मात्र थियो। किनभने त्यतिबेला राजतन्त्रका सबैरूपबाट पूर्णमुक्तिको जनइच्छा विपरीत नेपाली काँग्रेस तथा संशोधनवादी कम्युनिस्टहरूको संयुक्त मोर्चाले तत्कालीन राजा वीरेन्द्रसँग राजासहितको बहुदलीय प्रजातन्त्रमा नै सम्झौता गरे। तत्कालीन राजनेताहरूको सम्झौतापरस्त तथा सत्तालोलुपताको परिणामस्वरूप नेपाली जनताले दसवर्षको जनयुद्ध र जनआन्दोलनमा भाग लिएर हजारौंको शहादत दिनुपऱ्यो र मात्रै, वर्तमान गणतन्त्रको उपभोग गर्न पाइएको छ। यद्यपि वर्तमान गणतन्त्रात्मक संघीयतामा सत्तालोलुपता र राजनीतिक अवसरवादिता कायमै देखिन्छन्।

राजा महेन्द्र एकजना चतुर राजनीतिज्ञ पनि थिए। दोस्रो विश्वयुद्धपछिको विश्वव्यवस्था, सोभियत संघको समाजवादी क्याम्प र पारम्परिक ब्रिटिश साम्राज्यवादको पतनपछि, उदाएको आधुनिक साम्राज्यवादी संयुक्त राज्य अमेरिकाको नेतृत्वको पूँजीवादी क्याम्प बीचको विश्वव्यापी तीखो अन्तर्विरोध तथा छिमेकी दुई उदीयमान देश भारत र चीनबीचको क्षेत्रीय अन्तर्विरोधलाई बुझेका राजा महेन्द्र शाहवंशका अन्य राजाभन्दा विशिष्ट थिए। उनले आफ्नो तानाशाही शासन टिकाउन दैवीय राजा, गोर्खाली लडाकूपना तथा हिन्दू खस आर्य श्रेष्ठतामा आधारित राजतन्त्रात्मक साँस्कृतिक अवधारणा र साँस्कृतिक प्रतीकहरूलाई अगाडी सारे। यसका निम्ति उनले पहाड मात्रै होइन, तराई मधेशका जमिन्दार तथा अभिजात्यवर्ग, खस संस्कृतिमा पारम्परिकरूपमा विकसित भएका पुरातन र आधुनिक राजनीतिज्ञ, लेखक, साहित्यकार, कलाकार आदि बौद्धिकवर्ग, राजकृपाका आकांक्षी साहु-महाजनहरू तथा तत्कालीन नेपाली राजनीतिका नेतृत्वकारी नेपाली काँग्रेस तथा कम्युनिस्ट शक्तिभित्रको अवसरवादी हिस्सालाई हातमा लिए। इतिहासको आरोह-अवरोहमा राजा महेन्द्रको पञ्चायती प्रजातन्त्र नामक तानाशाही स्वाभाविकरूपमै पतन भयो। तर उनले संयोजन गरेको गोर्खाली शाहवंशीय हिन्दू खस-आर्य श्रेष्ठता, गणतन्त्र घोषणाभएको बाह्रवर्ष बिति सक्दा पनि नेपाली राजनीतिमा तत्वत: कायमै देखिन्छ। यस गोर्खाली शाहवंशीय खस आर्य श्रेष्ठताको संकीर्ण साँस्कृतिक चेतनाबाट नेपाली राजनीति जतिछिटो तार्किक निकास पाउनुमा नै देशको कल्याण देखिन्छ।

अहिले देशमा देखिने पहाड र मधेशबीचको कटुताका ऐतिहासिक सूत्रहरू पृथ्वीनारायण शाहको शासन कालदेखि शुरू भएको भए पनि एउटा संयोजित वैचारिक शासकीय साँस्कृतिकताको रूप राजा महेन्द्रको शासनबाट नै शुरू हुन्छ।

धेरैको मान्यतामा देशको पहिलो संसदीय निर्वाचनमा दुई तिहाई मतबाट निर्वाचित नेपाली काँग्रेसको शासनमा व्याप्त सत्तालोलुपता, छिमेकी भारतीय शासनप्रतिको आत्मसमर्पणको हदसम्मको झुकावको कारण राष्ट्रिय स्वाभिमान र देशहितमा तथा बीपी कोइरालासंग व्यक्तित्वको टकरावको कारण राजा महेन्द्रले निर्वाचित संसद बर्खास्त गरे। पञ्चायती प्रजातन्त्रको घोषणामा पनि नेपाली काँग्रेसभित्र पदलोलुपताको कारण मच्चिएको आन्तरिक किचलो र देशहितलाई नै कारणको रूपमा प्रस्तुत गरिएको थियो। तर तत्कालीन राजनीतिक परिस्थिति र ऐतिहासिक दस्तावेजहरूले राजा महेन्द्रले भन्न खोजेभन्दा भिन्न चित्र खडा गर्छन्। निश्चय नै नेपाली काँग्रेसभित्र सत्तालोलुपता, भारतपरस्तता र आन्तरिक किचलोले राजा महेन्द्रलाई निरंकुश राजतन्त्र लागू गर्न सहयोग गरेको हो। तर उनले भनेजस्तो यसको कारण देशभक्ति, जनहित तथा राष्ट्रिय स्वाभिमान होइन। बरू यसको पछाडि राणा शासनसंगको संघर्षमा गुमेको पुस्तैनी शासनको पुन:प्राप्तिको कामना, शाहवंशीय सामन्तवादी अहंकार (यसैलाई उनले राष्ट्रिय नेपाली संस्कृतिको रूपमा प्रस्तुत गरे)को मुख्य भूमिका थियो। ऐतिहासिक तथ्यहरूले राजदरबारभित्र यसको गोप्य योजना राजा त्रिभुवनको पालादेखि नै बनेको हो कि भन्ने अनुमानलाई इन्कार गर्न सकिँदैन। ००७ सालमा राणाशासनको पतनपछि, राजा त्रिभुवनले जनइच्छाबमोजिम विधानसभाबाट निर्मित गणतन्त्रात्मक संविधान तथा राजशक्ति जनतामा सुम्पेको घोषणा, ०१० सालमा जनतामा सुम्पेको राजशक्ति आफूले फेरी ग्रहण गरेको घोषणा, ०१५ सालमा संविधानसभा (विधानसभा)को निर्वाचनभन्दा भन्दै

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# बमको सन्त्रास

मंसिर २७ गते धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–५ महेन्द्रनगर बजारमा शक्तिशाली बम विस्फोट हुँदा प्रहरी निरीक्षकसहित ३ जनाको मृत्यु भयो । कुसाई टोलस्थित एक औषधि व्यवसायीको घरमा भएको बम विस्फोट हुँदा घरधनी राजेश्वर साह र उनका छोरा आनन्द साहको घटनास्थलमै मृत्यु भएको हो । घटनामा प्रहरी निरीक्षक अमिर दाहालको पनि मुत्यु भयो ।

प्राप्त सूचना अनुसार नजिकैको महेन्द्रनगरस्थित ईलाका प्रहरी चौकीबाट सुरक्षाकर्मीहरू घटनास्थलमा पुगेका थिए । तर, सुरक्षाकर्मीहरू घरमा पुगेर शंकास्पद वस्तु हेर्न खोजेकै बेला एक्कासी विस्फोट भएको थियो । घटनामा घरधनी राजेश्वरकी २१ वर्षीय छोरी अञ्जली साह, १४ वर्षीय छोरा प्रेम साह, प्रहरी जवान रिजनाथ कुमार महतो गम्भीर घाइते छन् ।

त्यस घटना पछि पनि जनकपुर र धनुषाका अन्य क्षेत्रमा बमको नाममा थुप्रै शंकास्पद वस्तुहरू फेला परेको थियो । यद्यपी ती वस्तुहरू बम नभएपनि त्रास फैलाउनका लागि पनि राखिएको हुन सक्ने आकंलन गरिन्छ । धनुषाको यो घटनाको धेरै चर्चा गरिए पनि प्रदेश २ का अन्य जिल्लाहरूमा पनि फाटफुट्ट रूपमा बम भेटिएको, बम विस्फोटा भएको र बमका नाममा शंकास्पद वस्तु फेदा परेको घटना अब सामान्य हुन थालेको छ । आखिर मधेशले किन बम आतंकको सन्त्रासबाट जिउनु परेको छ ? मंसिर दोस्रो साता यता महोत्तरी,

**प्रदेश २ मा कुनै बम आतंक नभएको प्रहरीको दाबी रहेपनि आम जनता त्यसबाट आश्वस्त हुन सकिरहेको छैनन् ।**

यता केही महिनादेखि मधेश पुनः अशान्त बनेको छ । शृङ्खलाबद्ध बम पड्किन थालेको छ । सर्लाही, धनुषा, सिराहामा लगालग बम राखिएको भेटियो । कतै सेनाले निष्क्रिय पारे त कतै पड्किएर धनजनको क्षति भयो ।

शान्त मधेश अपराधीको गतिविधिले शनैःशनै फेरि अशान्त बन्दै गएको छ । कहींकतै विप्लव समूहले बम राखेको प्रहरीको भनाइ छ भने कतै अपराधी समूहले चन्दा संकलन गर्न बम पड्काउँदै आएको छ । सरकारी कार्यालय, साहूमहाजनको घर, सार्वजनिक स्थानमा टाइम, प्रेसर, सकेटजस्ता बम राख्ने अनि बिस्फोट गराउने समूह सक्रिय छन् ।

मधेशमा कहिले सशस्त्र समूहको आतंक छैन । उनीहरूले हतियार बिसाइसकेका छन् । मधेशका सशस्त्र समूहले सरकारसँग शान्ति वार्ता गरेपछि मधेशको जनजीवन लयमा फर्किएको थियो । तर अपराधी समूहले बम आतंक मच्चाएर मधेशलाई फेरि आतंकमा धकेलिदिएको छ । चन्दा माग्ने र नदिए घरमा बम हालेर तर्साउँदै आएको छ । शृङ्खलाबद्ध बम बिस्फोटले प्रहरीदेखि सर्वसाधारण त्रसित छन् । अपराधी समूहको निशानामा सरकारी कार्यालयदेखि नेताका पार्टी कार्यालय पनि परेका छन् ।

बम बिस्फोटका घटनाहरूको गम्भीरतापूर्व अनुसन्धान भइरहेको प्रहरीले दाबी गरे पनि त्यसमा कमी आएको छैन । प्रदेश २ मा कुनै बम आतंक नभएको प्रहरीको दाबी रहेपनि आम जनता त्यसबाट आश्वस्त हुन सकिरहेको छैन् । गैरराजनीतिक समूहले डराउन बम बिस्फोट गराएर चन्दा असुली गर्ने गरेको छ र उनीहरू वास्तवमै अपराधी समूह हुन् । कुनै कुनै ठाउँमा विप्लव समूहले बम राख्ने र पड्काउने पनि गरेका छन् ।

मधेशको सुरक्षा व्यवस्था चुस्तदुरूस्त छैन र यसमा सुरक्षा निकायको कमजोरी पनि देखिन्छ । यी दृष्टान्तहरूले प्रदेश २ मा बमको बिगबिगी रहेको छर्लगं हुन्छ । यी बिगबिगीलाई नियन्त्रण गर्नु जरूरी छ । बम राख्ने र बिष्फोट गराउनेहरूलाई कानूनी दायरामा ल्याई अमन, चयन र शान्ति स्थापना गर्नु जरूरी छ ।

## साताको सात बात



राष्ट्रिय सभा निर्वाचनमा नेकपासँग भएको सहमतिबाट समाजवादी पार्टीसँगको एकतामा कुनै फरक पर्दैन । समाजवादीसँग लामो समयदेखि एकताको विषयमा छलफल हुँदै आएको छ । यी दुई फरक-फरक विषय हुन् । **राजेन्द्र महतो, संयोजक, राजपा नेपाल**



मूलधारका संचारमाध्यमले सत्यतथ्य तोडमोड गरी समाचार सामग्री सम्प्रेषण गर्नाले जनतामा भ्रम सिर्जना हुने गरेको छ । दक्षिण एसियाली खेलकुदबारे सम्प्रेषित समाचार पनि तथ्यमा आधारित नभएकाले विभिन्न खालका हल्ला फैलिएको छ । **गोकुलप्रसाद बाँस्कोटा, संचार तथा सूचना प्रविधिमन्त्री**



पार्टीभित्र अनुशासनहिनता र अराजकता बढ्दै गएकाले नेतृत्वलाई बलियो बनाउन प्रचण्डपथ विचारलाई ब्युँत्याउनु अहिलेको आवश्यकता हो । पार्टीलाई बलियो बनाउन र अराजकता अन्त्य गर्नकै लागि प्रचण्डपथको विषयमा विचार गर्नुपर्ने समय आएको छ । **मातृका यादव, नेता, नेपाल कम्युनिष्ट पार्टी**



मुलुकको विकास एउटै नारा र नीतिले मात्र सम्भव हुँदैन । विकास र निर्माणका लागि साझा सहभागिता आवश्यक रहेको छ । अबको अभियान मुलुकको संमग्र विकास नै हो । **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



संविधानले नै संघीय सरकार र प्रदेश सरकारको बीचमा सहकार्य हुनुपर्छ भन्ने व्यवस्था गरेको छ । तर, यहाँ त प्रदेश सरकार संघीय सरकार मातहत हो भन्ने जस्तो बुझाई रह्यो । यो बुझाई गतल हो । संविधान अपुरो, अधुरो छ यसमा संशोधनको आवश्यकता छ । **मो. लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



प्रदेश र स्थानीय तहले संघीयताको आधार तयार पार्न सफल भएको छ । संघीयताको आधार र विधि तयार पार्न सफल भए पनि समन्वय र सहकार्य अझै हुन सकेको छैन । संघीय सरकारले पनि आफ्नो हैसियत र औकातअनुसार अधिकार दिइरहेको छ । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



पार्टीको विधानको भावनाअनुरूप अधिकारको सुस्पष्ट बाँडफाँट र वित्तीय संघीयताको कार्यान्वयन जस्ता विषयहरू अघि बढ्न सकेका छैनन् । संघीयताको प्रभावकारी कार्यान्वयनबाट विकास र समृद्धिको एजेण्डालाई प्रभावकारी बनाउन सकिन्छ । **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**

# एउटा सामाजिक क्रान्तिको सुरूवात

**विचार-विश्लेषण** भाग-५१



उपेन्द्र झा

परम्परागत सामाजिक संरचनालाई तहस नहस पार्ने सामाजिक कोढको रूपमा रहेको 'दाइजो प्रथा' को विरूद्ध यसपाली राम-जानकी विवाहोत्सवको अवसरमा जनकपुरमा ३७ वटा जोडीले आदर्श विवाह गरी सामाजिक क्रान्तिका शंखनाद गरेका छन् । सामाजिक विकृतिको विरूद्ध मिथिला संस्कृतिको शृद्धि हेतु थालिएको यो आदर्श अभियानका अभियन्ताहरू अनुकरणीय पात्र मात्र होइनन्, इतिहास रच्ने स्रष्टा पनि हुन् ।

दाइजो प्रथा सामाजिक संस्कृतिका क्यान्सर जस्ता खतरनाक रोग विकसित भएको रिवाज हो । यसमा सधैं बेहुली बदिलान हुँदै आएको छ । कानुनत दाइजो प्रथा अपराध मानिए पनि समाजमा यसको ठूलो साम्राज्य स्थापित छ । वरवधु दुवै पक्षबाट सिञ्चित दाइजो प्रथाको वटवृक्ष समाजमा गहिरो जरा गाडेर झाँगिएको छ । गरिब र निम्न मध्यमवर्गीय परिवार यसको प्रत्यक्ष शिकार बन्दै आएको छ ।

जनसंख्या वृद्धि, समाजिक विपन्नता, सजिलै धन लाभ गर्ने प्रवृति आदि यो रोग फैलाउने अनुकुल कारणहरू हुन् । कन्यादन गरेर अर्काको वंश चलाउने पुनीत कार्य हेतु बरपक्ष सधैं आफूभन्दा श्रेष्ठ ठान्ने सामाजिक मान्यता विस्तारै क्षीण हुँदै गयो । कन्यादन गरेर ठूलो धर्म कमाउने मान्यता विस्तारै अभिशापमा परिणत भयो ।

५० वर्ष पूर्वसम्म कन्यादन जस्तो धार्मिक अनुष्ठान सम्पन्न गर्न वरपक्षले कन्यापक्षलाई सहयोग गर्ने चलन थियो । कन्यादान पछि वंशावली अगाडि बढ्ने मान्यता अनुरूप कन्यापक्षको समाजमा ठूलो ईज्जत थियो । प्रायोगिक रूपमा पराक्रमी योग्य वर छान्ने कन्यालाई पूर्ण अधिकार प्राप्त थियो । गुणी, सच्चरित्र, योग्य पात्रलाई स्वयम्बरमार्फत जीवन साथी बनाउने सामन्ती युगमा पनि स्वतन्त्रता प्राप्त थियो । तर समाज अझ सभ्य, सु-संस्कृत र आधुनिक हुँदै जाँदा कन्याको सामाजिक अधिकार त गुम्यो नै, मानवीय धरातल भन्दा पनि बाहिर फ्याँकियो । छोरीलाई ससुरालीमा प्रताडना दिएर बाबुसँग धन माँगेर ल्याउने विकृति विस्तारै विकसित हुँदै गयो । बेहुलीलाई जिउँदै जलाउने, हत्या गर्ने, आत्महत्या गर्न बाध्य गर्ने यस्ता प्रवृति समाजमा व्यापक रूपमा बढ्यो । दाइजो असुल्न छोरालाई पढाउने एउटा व्यापारको विकास भयो । उच्च शिक्षा, सरकारी वा प्राइभेट उच्च पदका लागि १ करोडसम्म असुल्ने उच्चकोटिको व्यवसाय सुरू भयो । मानिस यस उद्देश्यले कि छोरामा अलि अलि लगानी गरेर एकमुष्ट आम्दानी हुने भनेर सबै यस व्यवसायमा लागे ।

कन्यापक्ष पनि हैसियत अनुसार छोरीलाई साक्षर माध्यामिक शिक्षा तथा उच्च शिक्षा दिलाउन यस उद्देश्यले सुरू गरे कि समाजमा छोरीको क्षीण भई रहेको प्रतिष्ठा बचोस् र वैदिक ग्रन्थको महत्व पुनस्थापित होस् । तर, अपेक्षित रूपमा त्यसो भएन । शिक्षित छोरीले केही हदमा दाइजोलाई कम गरेपनि निर्मुल भने गर्न सकेनन् । दाइजोको प्रभुत्व समाजमा कायम नै रह्यो । समाजमा दाईजो प्रथाको विरूद्ध क्षीण स्वरमा आवाज उठ्थ्यो । तर दाइजोको आगोमा चेलीले बदिलान दिई रहिन् । दाइजोले छोरीलाई अभिशापको रूपमा सामाजिक मान्यता स्थापित गऱ्यो । छोरीको जन्म अभिशापको रूपमा हुने मानसिकताले विस्तारै समाजलाई छोरीबाट मुक्ति पाउन नयाँ नयाँ गर्भ जाँच गराउने प्रविधितिर अग्रसर हुन बाध्य गऱ्यो । यसबीच सरकारले पनि गर्भपतलाई कानुनी मान्यता दियो । गर्भ जाँच गरी छोरी भएको थाहा पाएर मानिस गर्भ फाल्न थालेपछि छोरीको संख्या घट्न थालेपछि यो सभ्य समाजले 'दाईजो प्रथा' कायम राखी 'बेटी बचाऊ, बेटी पढाऊँ' को जनचेतना उठाउन सरकारी अभियान थालेको छ ।

दाइजो प्रथा सहज रूपमा धनलाभ गर्ने सशक्त माध्यम बनेको छ । उच्च शिक्षा हाँसिल गरेका (दुवै डाक्टर) विरगंजका साह दम्पतीबिच दाइजोका कारण व्यापक तनाव रहेको चर्चा सार्वजनिक भएको छ । दुवै डाक्टर रहेको र कार्यरत समेत रहेको अवस्थामा दाइजोका कारण दाम्पत्य जीवन विषक्त बनेका अनेकौं उदाहरण हाम्रो समाजमा छ । सभ्य भनिने समाजमा कोढको रूपमा फैलिदै गएको दाइजो प्रथाको रोगले पूर्ण ग्रसित भएको अवस्थामा स्वस्थ्य समाज कहलाउन सक्छ ?

'दाइजो प्रथा' सभ्य समाजको ठूलो कलंकको रूपमा परिभाषित भएपनि यसको साम्रज्यलाई मलजल गर्ने प्रवृति समाजमा विद्यमान रहेकोले अपेक्षित रूपमा यो हट्न सकेको छैन । छोरालाई उच्च शिक्षा दिलाई सरकारी जागीर समेत स्वाएर बसेकाहरू दाइजो प्राप्त गर्ने अवसरलाई छोड्न चाहँदैनन् । राम्रो घर वरको चाहना राख्ने कन्या पक्षले पनि वरपक्षको आकांक्षा पुरा गर्न तत्पर रहेकोले कानुनको उपस्थितीमा यो अपराध हुन्छ र कानुनले केही गर्न सक्दैन ।

दिनानुदिन दाइजोका कारण अनाहकमा ज्यान गुमाउने चेलीहरूको संख्यात्मक वृद्धिले समाजमा एक किसिमको दबाब सिर्जजा गरेको छ र गर्नु पनि पर्दछ । सभ्यताको खोल ओढेर अनैतिक कार्यमा व्यस्त अगुवाहरू सामाजिक जिम्मेवारीबाट पन्छिन मिल्दैन । समाजका अगुवाहरूले समाजमा घटि रहेको अमानवीय घटनाहरूको पक्ष वा विपक्षमा बोल्न करै लाग्छ । पक्षमा बोल्ने अपराधी हुन्छ भने विपक्षमा बोल्ने समाजसेवी । जेहास् सामाजिक कलंकको रूपमा रहेको दाइजो प्रथालाई प्रश्रय दिने, चुप लागेर समर्थन गर्ने सबै अपराधी हुन् । यस्ताहरूको समाजिक बहिष्कार आवश्यक छ ।

**दाइजोले छोरीलाई अभिशापको रूपमा सामाजिक मान्यता स्थापित गऱ्यो । छोरीको जन्म अभिशापको रूपमा हुने मानसिकताले विस्तारै समाजलाई छोरीबाट मुक्ति पाउन नयाँ नयाँ गर्भ जाँच गराउने प्रविधितिर अग्रसर हुन बाध्य गऱ्यो ।**

दाइजोको आगोमा असंख्य रूपमा बलिदान दिने चेलीहरूको आर्तनादबाट जन्मिएका आदर्श विवाह गर्ने ३७ वटा जोडीलाई यो पंक्तिकारको तर्फबाट हार्दिक धन्यवाद । तथा ३७ वटा जोडी खोजेर विवाह महोत्सव सम्पन्न गर्ने आयोजक विश्व हिन्दु परिषद्लाई साधुवाद । यसपालिको विवाहपंचमी महोत्सवलाई दाइजो प्रथाको विरूद्ध ठूलो मशाल जलाएर यस प्रवृतिलाई राख बनाउने ३७ वटा युवायुवतीको जोडीले ऐतिहासिक उदाहरण दिएर महत्वपूर्ण बनाएको छ । सामाजिक विकृति हटाउने समाजिक अभियन्ताको रूपमा प्रस्तुत यी जोडीहरू दाइजो प्रथाको साम्राज्यलाई धाराशायी गर्न सफल बनोस्, यही शुभकामना ।

*janukjha24@gmail.com*

# मधेश गौरवान्वित हुँदैछ



सुधा मिश्र

जनकपुर आनन्दित छ । रोमाञ्चित छ । प्रफुल्लित छ । सुनझैं जनकपुर सुवासले भरिएको छ । सुवासित भएको छ । यो सुवास चारैतिर फैलिदै छागगनलाई चुम्न खोज्दै छ । चानतारालाई छुन खोज्दै छ । यो सुवासले मधेश सुवासित भएको छ । सारा नेपाल सुवासित भएको छ ।

मधेश गौरवान्वित छ । मधेशका छोरा आशिष रौनियारले मधेशलाई गौरवान्वित बनाएको छ । ग्लोबल आईकन आशिष रौनियार जनकपुरका छन् । जनकपुरका युवा आशिष रौनियार विश्व युवा वैज्ञानिकको सम्मेलनमा आमन्त्रित छन् । सन् २०२० को जनवरी १४ देखि १७ सिंगापुरमा हुने सम्मेलनमा रौनियार सहभागी हुने भएका छन् । सम्मेलनमा रौनियारले कम्प्युटर साइन्सको नविनतम् प्रयोगबारे आफ्नो प्रस्तुति दिनेछन् । उनी अध्ययनरत युनिभर्सिटीले कम्प्युटर साइन्समा राम्रो दखखल राखेकै कारण आशिषलाई छनोट गरिएको जानकारी गराएका छन् ।

करीब २०० युवा वैज्ञानिक सहभागी हुने जी वाई एस एस सम्मेलनमा कम्प्युटर साइन्स, इन्जिनियरिङ, भौतिक शास्त्र, रसायनशास्त्र, जीव शास्त्र र गणितका विभिन्न आयामबारे छलफल हुनेछ ।

**हरेक मधेशीको आँखाबाट आशिषको मोती बगिरहेको छ जसले आशिषको अगामी दिनहरूको सफलताको कामना गरिरहेको छ ।**

जी वाई एस एस विश्व भरिका युवा वैज्ञानिकहरू, अनुसन्धानकर्ताहरू, पी एच डी विद्यार्थीहरू र पोस्ट ग्रेजुएटहरूका एक बहु अनुशासनिक अनुसन्धान समिति हो । यहाँ आमन्त्रित वक्ताहरू विश्वव्यापी रूपमा मान्यता प्राप्त वैज्ञानिकहरू हुन् जसले नोबेल पुरस्कार, मिलेनियम टेक्नोलोजी पुरस्कार र टयुरिंग अवार्ड प्राप्त गर्दछन् ।

G Y S S ले विज्ञान र अनुसन्धान, प्रविधि अविष्कार र विश्वव्यापी चुनौतीहरूको समाधानको निम्ति कुराकानीको लागि एक प्लेटफर्म प्रदान गर्दछ । सहभागीहरूले पुरस्कार विजेता वैज्ञानिकहरूसँग कुराकानी गर्ने अवसर प्राप्त गर्दछन् । जुन उनीहरूको क्षेत्रको शीर्षमा छन् ।

आशिष रौनियार प्रोफेसर पाल् एन्जलस्टैड र वरिष्ठ अनुसन्धान वैज्ञानिक ओभालको सुपरिवेक्षणमा सुरक्षित उर्जा कुशल र लचिलो इन्टरनेट अफ थिंग्सको बारेमा पी एच डी अनुसन्धान गर्दैछन् । विगतमा उनको अनुसन्धानले उनलाई ठूलो अनुभवहरू प्रदान गरेको छ । बिर्सिने समस्या भएको व्यक्तिलाई स्मरण गराउन आशिषले अविष्कार गरेको स्मार्टवाच प्रविधि सन् २०१४ को युरोपियन सेटेलाईट न्याभिगेसन प्रतियोगितामा उत्कृष्ट भएको थियो । सन् २०१८ मा अन्तर्राष्ट्रिय दुरसञ्चार सञ्जाल तथा एप्स सम्मेलनमा उनी प्रथम भएका थिए । उनी मैथिली, नेपाली, हिन्दी, कोरियन...... आदि भाषाका ज्ञाता हुन् ।

G Y S S को छनोट प्रक्रिया धेरै गाह्रो छ किनभने आवेदकहरू आफ्नो क्षेत्रको शीर्ष हुनुपर्दछ। आशिष भन्छन् , ' यो छनौट गर्नु ठुलो सम्मान हो । म G Y S S 2020 मा भाग लिनको लागि उत्सुक छु किनकि यसले मलाई कम्प्युटर साइन्स र विश्वभरका अन्य क्षेत्रहरूका विश्वका शीर्ष प्रतिभाशाली युवा अनुसन्धानकर्ताहरू सँग भेट गर्न र नोबेल पुरस्कार, फिल्डस् मेडल, मिलेनियमको उत्कृष्ट विजेताहरू सँग संलग्न हुने अवसर दिनेछ । म साँच्चिकै कृतज्ञ छु कि म GYSS को भागको रूपमा मेरो पी एच डी अनुसन्धान कार्य प्रस्तुत गर्ने र छलफल गर्ने अवसर पाएको छु ।'

यो पुसको चिसोमा पनि आशिषको सफलताले मधेशलाई न्यानो बनाएको छ । हरेक मधेशीको आँखाबाट आशिषको मोती बगिरहेको छ जसले आशिषको अगामी दिनहरूको सफलताको कामना गरिरहेको छ । उनी एक दिन विश्व प्रसिद्ध पुरस्कारबाट सम्मानित होउन् भन्ने कामना र प्रगतिको चाहना सबैको रहेको छ ।

# दुईबुँदे सहमतिले एकता भाँडिएको छैन



**सत्यनारायण मण्डल**
**उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**

हामीले एकता गर्दैनौं भनेका छैनौं । अहिले एकता वार्ता चलिरहेकाले हामी कुनै दलसँग सहकार्य वा गठबन्धन गर्दा एकअर्कासँग सल्लाह गर्नैपर्ने बाध्यता छैन । दुवै पार्टी एक नभएसम्म आआफ्नो किसिमले कार्य गर्न स्वतन्त्र छन् ।

**० चुनावी परियोजनका लागि मात्र राजपाले नेकपासँग सहमति गरेको हो ?**

– निश्चितरूपमा नेकपा सबभन्दा ठूलो दल हो र उसले सत्ता सञ्चालन गरिरहेको छ । हाम्रा एजेन्डाहरू पनि पूरा गराउन नेकपाको सहयोग चाहिन्छ । राजपा नेपाल राष्ट्रिय पार्टी हो र राजपाले उठाएका मागहरू राष्ट्रिय माग भएकाले हामी नेकपासँग सहकार्य गर्नैपर्ने हुन्छ । हामी संविधान संशोधनको कुरा उठाइरहेका छौं तर, त्यसका लागि नेकपाको सहयोग नभई हुँदैन । त्यसैले नेकपासँग सहकार्य गर्ने सहमति भएको हो । जहाँसम्म समाजवादीको कुरा छ, अहिलेसम्म हामीबीच एकता भइसकेको छैन । त्यसैले, राजपा वा समाजवादीले कुनै निर्णय गर्दा एकअर्कालाई सोध्नै पर्ने बाध्यता छैन । समाजवादी पार्टी सरकारमा जाँदा हामीसँग सोधेको थियो र ।

**० भनेपछि यो सहमतिले समाजवादी पार्टीसँगको एकता टरेको हो ?**

– राजपा र समाजवादीबीच एकताको वातावरण भाँडिएको छैन, एकताका लागि वार्ता जारी नै छ । हामीले एकता गर्दैनौं भनेका छैनौं । अहिले एकता वार्ता चलिरहेकाले हामी कुनै दलसँग सहकार्य वा गठबन्धन गर्दा एकअर्कासँग सल्लाह गर्नैपर्ने बाध्यता छैन । दुवै पार्टी एक नभएसम्म आआफ्नो किसिमले कार्य गर्न स्वतन्त्र छन् ।

**० राजपा पार्टीको महाधिवेशनको विषयमा चर्चा मात्र हुने गरेको छ, के भईरहेको छ अहिले । पार्टीभित्र महाधिवेशनको तयारी छ कि ?**

- हामी वडा, गाउँ, जिल्लादेखि लिएर क्षेत्रसम्म अधिवेशन गर्दै आइपुगिसकेका छौं । तर, सबै जिल्लामा जिल्ला अधिवेशन भइसकेको छैन । केही जिल्लाहरूमा बाँकी छ त्यो पनि यही पुस ३० गतेसम्म हामीले गरिसक्छौं । त्यसपछि केन्द्रीय महाधिवेशनको तिथिमिति तय गरेर महाधिवेशन हुन्छ । मधेशका विभिन्न दलहरू मिलेर राजपा नेपाल बनेको हो र सबैजनाको आ-आफ्नो उद्देश्य थियो, आफ्नै कार्यशैली थियो । त्यो सबैलाई एक ठाउँमा ल्याएर जसरी हामी अगाडि बढिरहेका छौं त्यो नै एउटा ठूलो उपलब्धी हो । त्यसभित्र केही मतभिन्नताहरू हुनु स्वभाविक नै हो । अब हामी एकसूत्रमा बाँधिएका छौं । त्यसकै उपज हो अहिले जिल्ला अधिवेशनसम्म हामी आइपुगेका छौं । केन्द्रीय महाधिवेशन सम्पन्न गरेर हामी थप ऊर्जाका साथ देशभरी राजपाको झण्डा फँहराउने छौं ।

**० दुई पटक महाधिवेशनको मिति तोकेर पनि महाधिवेशन हुन सकेन । अब तोकिएको मितिमा महाधिवेशन हुन्छ भन्ने विश्वास कसरी गर्ने ?**

- त्यहाँ लिगेसीको विषय आयो । ६ वटा पार्टीको पहिले भएको जुन संगठन थियो तिनीहरूको अवशेष केही बाँकी नै रहेछन् । वडा अध्यक्षदेखि लिएर जिल्ला अध्यक्षसम्म उनीहरूको छुट्टाछुट्टै संरचना थियो । ती सबै संरचनालाई एकसूत्रमा बाँधेर ६ वटै संगठनको एउटै वडा अध्यक्ष, जिल्ला अध्यक्षसम्म ल्याउनको लागि अलिकति अप्ठ्यारो पर्न गयो । जिल्ला अधिवेशन सम्पन्न भईसकेपछि अब केन्द्रीय महाधिवेशनका लागि कुनै अप्ठ्यारो पर्दैन । हामी सजिलै तिथिमिति तय गरेर महाधिवेशन सम्पन्न गर्छौं ।

**० तपाईहरूको पार्टीमा त ६ वटा अध्यक्षभित्रै मुख्य समस्या छ भनिन्छ नि ?**

- बाहिरबाट त्यस्तो देखिएको होला तर पार्टीभित्र त्यस्तो विवाद छैन । केन्द्रमा अहिले जसरी अध्यक्षमण्डलले चक्रीय रूपमा पार्टीको नेतृत्व गरिरहनुभएको छ। उहाँहरूले महाधिवेशनपछि मै अध्यक्ष हुन्छु भनेर कोहीले भन्नुभएको छैन । प्रतिस्पर्धाको भावना राखेर गुट-उपगुट बनाउने काम उहाँहरूले गर्नुभएको छैन । महाधिवेशनमा अहिले रहेको अध्यक्ष मण्डलभन्दा बाहिरबाट पनि अध्यक्षका लागि उम्मेदारवारले प्रतिस्पर्धा गर्न सक्छ । त्यस्तोसम्म अहिलेको हाम्रो व्यवस्था रहेको छ ।

**० यदि त्यस्तो प्रतिस्पर्धा नभएको भए किन दुई/दुई महिनामा संयोजक परिवर्तन भइरहेको छ, एकैजनाले पार्टी चलाउँदा त हुन्थ्यो नि ?**

- जुनबोला ६ वटा पार्टी अलग अलग थियो त्यसबेला ६ वटा पार्टीका अध्यक्षहरू एकठाउँमा बसेर जुन काम गर्दै आइएको थियो, त्यही काम गरौं भन्ने भावनाले नै यो राजपा पार्टीको निर्माण भयो । तर, त्यतिबेला संक्षिप्त विधानको निर्माण गरियो । त्यसमा चक्रीय प्रणालीमा अध्यक्षता ग्रहण गरेर पार्टीलाई मजबुत बनाउने, अगाडि बढ्ने र महाधिवेशनपछि एकल नेतृत्वमा जाने भन्ने विषयमा निष्कर्ष निस्केको हुनाले अहिले पार्टी त्यही विधान अनुरूप संचालन भइरहेको छ । महाधिवेशनपछि चक्रीय प्रणाली स्वतः समाप्त हुन्छ र पार्टी एकल नेतृत्वमा जान्छ ।

**० अध्यक्षमण्डलकै कारण दुईपटक तोकिएको महाधिवेशनको मिति असफल भयो भनेर दोस्रो तहका नेताहरूको आरोप छ नि ?**

- युवा, विद्यार्थी लगायत हाम्रो पार्टीमा आबद्ध भएका दोस्रो तहका नेताहरूलाई म आश्वस्त पार्न चाहन्छु कि अहिलेसम्म हुनुपर्ने केन्द्रीय महाधिवेशन दुई पटक टरेर गयो । त्यसमा केही गल्ती अध्यक्षमण्डलबाट पनि हुन पुगेको छ । विगतमा भएको गल्तीबाट पाठ सिकेर अब अध्यक्ष मण्डल पनि अगाडि बढ्नेछ भन्ने मेरो विश्वास रहेको छ । दोस्रो तहमा रहेर पार्टीलाई मजबुत बनाउने काम गरिरहेका व्यक्तित्वहरूको आशा अनुसार अध्यक्षमण्डलले काम गर्न नसकेकै हो ।

**० केन्द्रीय रूपमा रहेका वर्गीय भातृसंगठनहरूलाई पनि समायोजन गर्न सकिएको छैन । अहिलेसम्म किन यसमा ढिलाई भएको हो ?**

- जसरी हाम्रो पार्टीगत संगठनहरूले जुन समस्याहरू झेलिरहेको छ त्यही समस्या भातृसंगठनहरूको समायोजनमा पनि रहेको छ । ६ वटा पार्टीको अलग-अलग भातृसंगठनको अलग अलग केन्द्रीय अध्यक्षदेखि लिएर जिल्ला अध्यक्ष, गाउँ विकास समितिसम्म रहेको छ । ती सबैलाई समायोजन गरेर एक बनाउनु आफैमा चूनौतीपूर्ण काम त छँदैछ । तर, अहिले हामी जसरी विभिन्न चरणमा महाधिवेशन गरिरहेका छौं, त्यहींबाट यो भातृसंगठनको पनि समस्या समाधान गर्छौं । त्यो सबैको प्रारम्भिक कार्यहरू भइरहेको छ । अब निकट भविष्यमा सबै समायोजित भएर अगाडि बढ्छौं ।

**० उपनिर्वाचनको समयमा राजपा र समाजवादी पार्टीबीच एकता हुने विषय व्यापक चर्चामा थियो अहिले सेलाएको छ । के यो चुनावी एजेन्डा मात्र थियो कि ?**

- विगतमा भएको चुनावमा हामी प्रदेश २ मा गठबन्धन निर्माण गरेर चुनाव लडेका थियौं । अहिले भर्खरै सम्पन्न भएको उपनिर्वाचनमा पनि सके पार्टी एक भएर अगाडि बढौं नभए गठबन्धन बनाएर अगाडि बढौं भन्ने विषय नउठेको होइन । तर केही विषयमा मतभिन्नता भएर धेरै ठाउँमा हामीले अलग-अलग उम्मेदवार खडा गरेर उपनिर्वाचनमा गयौं । पार्टी एकता नगर्दा हामीलाई कुन ठाउँमा कसरी कांग्रेस, कम्युनिष्टका उम्मेदवारहरूले पराजित गरे त्यसबाट हामीले पाठ सिकेका छौं । अब आउने निर्वाचनमा समाजवादी र राजपा पार्टी मिलेर मेचीदेखि महाकालीसम्म चुनाव लड्छ र जितेर विजय जुलुस निकाल्छ । पार्टी एकताको विषय उपनिर्वाचनलाई ध्यानमा राखेर भएको थिएन । लामो समयदेखि पार्टी एकताको विषयमा छलफल भइरहेको छ । एजेण्डा मिल्ने पार्टीसँग एकता हुनुपर्छ भन्ने हाम्रो विगतदेखि कै धारणा हो । त्यस विषयमा दुवै पार्टी सकारात्मक छौं ।

**० उपनिर्वाचनको परिणाम राजपाको लागि खासै सुखद रहेन । राजपाले आश गरेको एउटा गाउँपालिकाको अध्यक्ष गुमायो भने अन्य धेरै क्षेत्रको परिणाम खासै अपेक्षाअनुरूप आएन नि ?**

- तपाईले प्रदेश २ को कुरा गर्नुभयो तर प्रदेश ५ मा जहाँ हामीले निर्वाचनमा सहभागीता नै जनाएका थिएनौं, त्यहाँ उपनिर्वाचनमा जित्यौं । यो हाम्रो लागि उपलब्धी हो । यो उपनिर्वाचनमा हामीले जसरी समय दिएर मेहनत गरेर लाग्नुपर्दथ्यो त्यो गरेनौं । त्यसमा हाम्रो कमीकमजोरी देखियो । अबका दिनमा हुने निर्वाचनमा यस्तो गल्ती गर्ने छैनौं । हामीले उपनिर्वाचनबाट पाठ सिकेका छौं ।

**० यो उपनिर्वाचनलाई राजपाले खासै महत्व नदिएको हो ?**

- महत्व त दिएको हो । जहाँ पार्टीले उमेम्दवारी दिएको थियो त्यहींका स्थानीय तहको नेतालाई हामीले प्रचारप्रसारको जिम्मेवारी दियौं । केन्द्रीय अध्यक्षमण्डलका सदस्यहरूले पनि त्यहाँ जाने उम्मेदवारहरूलाई सरसल्लाह दिने, त्यहाँका मतदाताहरूसँग मत माग्ने, विभिन्न ठाउँमा सभा, सम्मेलन गर्ने काम गर्नुपर्दथ्यो तर त्यस्तो भएन । राजपाका जिल्ला स्तरका नेताहरू त लागेकै थिए तर अध्यक्षमण्डले उपनिर्वाचनमा सोचेअनुरूपको सहयोग नगरेकै हो ।

**० भारतले सार्वजनिक गरेको नक्सामा नेपालको भूभाग पर्‍यो भनेर सवालहरू उठिरहेको छ । यसलाई कसरी हेनुभएको छ ?**

- हाम्रो देश नेपाल सार्वभौमसत्तासम्पन्न राष्ट्र हो जसको आफ्नो सरकार, भूभाग, जनसंख्या रहेको छ । अहिले भारत वा चीनले हाम्रो भूभाग मिच्यो भनेर विषय उठेको छ । हाम्रो देशमा दुई तिहाइको नेतृत्व गरिरहेका शक्तिशाली प्रधानमन्त्री हुनुहुन्छ । हाम्रो देशमा परराष्ट्र हेर्ने निकाय छ, कुटनीतिक नियोगहरू छ, दुतावास छ त्यहाँबाट हामी कुरा गर्न सक्छौं नि । तर, हामी सडकमा, दुतावास अगाडि आन्दोलन गर्छौं, भारतको झण्डा जलाउँछौं यो गलत हो । हामी भारत र चीनसँग लडाँई गरेर अगाडि बढ्न सक्दैनौं । त्यसैले हामी बीचमा देखिएका समस्याहरूलाई कुटनीतिक तबरबाट समाधान गरेर अगाडि बढ्नुपर्छ ।

# संघीय सरकारका कारण प्रदेश २ को शान्ति सुरक्षा बिग्रियो

संघीय सरकारले संविधानतः प्रदेशभित्रको शान्ति सुरक्षा प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्छ । त्यसकारणले प्रदेशभित्र अहिले भइरहेका अपराधिक घटनाहरूको नैतिक जिम्मेवारी संघीय सरकारले लिनुपर्छ ।



**ज्ञानेन्द्र कुमार यादव**
**आन्तरिक मामिला तथा कानूनमन्त्री, प्रदेश २**

**० प्रदेश २ को शान्तिसुरक्षा किन फितलो देखिएको छ ?**

– संविधानको धारा २६८ अनुसार अनुसूची ६ को १ मा प्रदेशभित्रको शान्तिसुरक्षाको जिम्मेवारी प्रदेश सरकारको छ । तथापि अहिले प्रदेश सरकार शान्तिसुरक्षाको विषयमा समन्वयकारी भूमिकामा मात्रै छ, निर्देशनकारी भूमिकामा छैन । शान्तिसुरक्षा जस्ता महत्वपूर्ण कानूनहरू संघीय सरकारले समयमा नबनाएको कारण दरबन्दीअनुसारका पनि सुरक्षाकर्मी हामी नपाएको र सुरक्षा निकाय अहिले प्रदेश सरकार मातहत नरहेकोले प्रदेशको शान्तिसुरक्षा बिग्रिएको हो । हामीले पटक-पटक भन्दै आएका छौं कि शान्ति सुरक्षा चुस्तदुरूस्त बनाउन आवश्यकताअनुसारको सुरक्षाकर्मी चाहिन्छ । दरबन्दीभन्दा तीन हजार सुरक्षाकर्मी कम प्रदेश २ मा छन् । दोस्रो कुरा, सुरक्षा निकाय प्रदेश सरकार मातहत हुनुपर्ने हो तर, छैन । त्यसकारण निर्देशन दिने वा सुरक्षासम्बन्धी रणनीति बनाएर अगाडि बढ्ने कानुन हामीले पाएका छैनौं । संघीय सरकारको अभाव, प्रभाव र दबाबका कारण प्रदेश २ को शान्ति सुरक्षा बिग्रिरहेको छ ।

**० भनेपछि, प्रदेश २ मा हुने अपराधिक घटनाहरूमा संघीय सरकार नै दोषी छ ?**

– यसमा प्रदेश सरकारलाई दोष दिने कुनै ठाउँ नै छैन । किनभने अहिले प्रदेश सरकार मातहत प्रहरी प्रशासन छैन । अहिले पनि प्रहरी प्रशासन संघीय सरकारकै मातहतमा छन् । अर्को कुरा, लाठीको भरमा मात्रै सुरक्षा व्यवस्थालाई चुस्तदुरूस्त बनाउन सकिदैन । हामी एक्काइसौं शताब्दीमा छौं, तर आवश्यकताअनुसारका उपकरण, स्रोतसाधनहरू उपलब्ध गराउन सकेनौं भने लाठीको भरमा सुरक्षा अवस्था सुदृढ बनाउन सक्दैनौं । प्रदेश २ कै कुरा गर्ने हो भने त्यस्ता केही उपकरणहरू छैन जसबाट शान्ति सुरक्षालाई राम्रो बनाउन सकियोस् । अपराधीहरूसँग सुरक्षाकर्मीहरूभन्दा पनि आधुनिक हातहतियार र प्रविधिहरू छन् । जसले गर्दा शान्ति सुरक्षा राम्रो बनाउन सकिरहेको छैन । त्यसकारण, प्रविधियुक्त शान्ति सुरक्षा बनाउनुपर्ने आवश्यकता छ । अर्को कुरा संघीय सरकारले संविधानतः प्रदेशभित्रको शान्ति सुरक्षा प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्छ । त्यसकारणले प्रदेशभित्र अहिले भइरहेका अपराधिक घटनाहरूको नैतिक जिम्मेवारी संघीय सरकारले लिनुपर्छ ।

**० प्रदेश सरकारले आफ्नै प्रहरी भर्नाका लागि ऐन पनि पारित गरेको छ, कहिलेसम्म भर्ना प्रक्रिया सुरू हुन्छ त ?**

– प्रदेश सरकारले प्रहरीसम्बन्धी ऐन, नियमावलीहरू बनाइसकेको छ । प्रहरी भर्नाका लागि हामी तयारी अवस्था छौं भन्ने कुरा संघीय सरकारलाई लिखित जानकारी गराइसकेका छौं । तर, संघीय सरकारले अहिलेसम्म तथ्यांक दिन नसकेको कारण प्रहरी भर्नाका लागि अगाडि बढ्न सकेका छैनौं । हामीलाई तथ्यांक प्राप्त हुने बित्तिकै दुई हप्ताभित्रै प्रहरी भर्नाको प्रक्रिया अगाडि बढाउँछौं ।

**० भनेपछि, प्रदेश प्रहरी भर्नाका लागि तपाइँहरू तयारी अवस्था हुनुहुन्छ ?**

– हामीले हरेक प्रक्रिया पूरा गरिसकेका छौं । हामीले प्रहरी ऐन, नियमावली बनाइसकेका छौं । कति प्रहरीको आवश्यकता छ भनेर हामीले माग पनि गरिसकेका छौं । त्यसकारण हामीलाई समस्या छैन । संघीय सरकारबाट हरियो झण्डा देखाउने बित्तिकै हामी प्रहरी भर्ना गर्छौं ।

**० तर, संघीय सरकारले प्रदेशको शान्ति सुरक्षालाई किन महत्व नदिएको होला ?**

– संघीयताप्रति केन्द्रको सकारात्मक दृष्टिकोण नभएरै हो । संघीयतालाई संस्थागत गर्नका लागि महत्वपूर्ण कानूनहरू बनाएर त्यसका मापदण्डहरू केन्द्रले दिन सकेको छैन । एकदम सुस्त गतिमा काम भइरहेकाले अहिलेसम्म यी कामहरू अगाडि बढिरहेको छैन । जसले गर्दा संघीयता संस्थागतमा ढिलाइ भइरहेको छ । यसको सम्पूर्ण जिम्मेवारी संघीय सरकारले लिनुपर्छ । किनभने संघीय सरकार सुस्त गतिमा अगाडि बढिरहेको छैन र संघीयताप्रति जिम्मेवार छैन ।

**० तपाइँहरू जहिले संघीय सरकारलाई मात्रै आरोप लगाएर पन्छिने गर्नुभएको छ । संघीय सरकारका उपप्रधानमन्त्री जस्तो पदमा तपाइँकै पार्टीका अध्यक्ष हुनुहुन्छ भने किन यो सरकारलाई दबाब दिँदैन ?**

– हामी संघीय सरकारमा हुनुको एउटा महत्वपूर्ण कारण छ । संविधान संशोधनबिना संघीयता अगाडि बढ्न सक्दैन । संविधान जारी हुनुभन्दा अगावै नै हामी आन्दोलनमा थियौं । तर, त्यो बेलाका कथित राष्ट्रिय पार्टीहरूले दम्भमा संविधान घोषणा गरे । हामीले पुनर्लेखन नै गर्नुपर्छ भनेका थियौं तर, उनीहरूले मानेनन् । संविधान जारी हुने लगत्तै कांग्रेसले संशोधनको प्रस्ताव ल्यायो । अहिले आएर नेकपाले पनि संविधानमा थुप्रै त्रुटीहरू छन् भन्ने कुरा स्वीकारेको छ । यही संविधान संशोधनका लागि दुई तिहाइको बहुमत चाहिन्छ । दुई तिहाइ पुर्‍याउनकै लागि समाजवादी पार्टी सरकारमा गएको हो ।

**० तर, संविधान संशोधनको अहिलेसम्म प्रक्रिया पनि सुरू भएको छैन । के गर्दैछ समाजवादी सरकारमा ?**

– हामी अहिले पर्ख र हेरको अवस्थामा छौं । हामीले संविधान संशोधनका लागि सरकारलाई निरन्तर दबाब दिइरहेका छौं । हामी सरकारमा नभएको भए यो सरकारले संघीयता विरोधी धेरै निर्णयहरू गर्न सक्थ्यो । हामी दबाब पनि सिर्जना गरिरहेका छौं । यदि संविधान संशोधन गरेन भने संघीय सरकारमा बस्नुको हाम्रो औचित्य रहँदैन । संविधान संशोधन हुने अवस्था नभएपछि हामी सामु सडक र सदनबाट संघर्ष बाध्यता हुन्छ । अहिले प्रदेश २ को सरकारले संघर्ष गरिरहेको छ । हामीले संघीय सरकारमाथि आरोप लगाएर पन्छिएको होइन, सचेत गराइरहेका छौं ।

**० प्रदेश सरकारले आफैले गर्नुपर्ने काम पनि गर्न सकेको छैन । नाम, स्थायी राजधानी, प्रादेशिक भाषा लगायत टुंगो लगाउन पनि संघीय सरकारले रोकेको हो ?**

– निश्चितरूपमा यो हामीले सुरूमै गर्नुपर्ने थियो । प्रदेश २ का सबै कानूनहरू सहमतिको आधारमा ल्याउने हामीले सोचेका थियौं । प्रदेश २ मा २२ वटा कानूनमध्ये २० वटा सहमतिमा ल्याएका छौं । प्रहरीसम्बन्धी ऐन र करारमा कर्मचारी भर्ना गर्ने ऐनमा नेकपाले सैद्धान्तिकरूपमा मात्रै विरोध गरेको छ, कन्टेन्टमा छैन । केन्द्रको ह्वीपको आधारमा नेकपाले सामान्य विरोध गरेको छ । भनेपछि हामीले बनाएका २२ वटै कानून सर्वसहमतिको आधारमा छ । त्यस्तै, प्रदेशको नाम र स्थायी राजधानी सर्वहमतिमा ल्याउनका लागि गृहकार्य गर्न अलि बढी समय लाग्यो । तथापि अहिले पनि हाम्रो प्रयास छ कि नाम र राजधानी सर्वसहमतले ल्याऔं । त्यसका लागि हामीले सर्वपक्षीय र सर्वदलीय संसदीय समिति बनेको छ । त्यो संसदीय समितिबाट सदनमा प्रस्तावहरू आइसकेका छन् । त्यसमा छलफल गरेर आउँदो प्रदेशसभा बैठकमा प्रदेशको नाम र राजधानी टुंगो लाग्छ । प्रदेश २ का सत्तारूढ दलले यहाँका नागरिकको मनोभावनाअनुसार नाम प्रस्ताव गरेको छ । आगामी सेसनबाटै प्रदेश २ ले नाम र राजधानी पाउनेछ ।

**० भनेपछि मधेश प्रदेश नै घोषणा हुन्छ ?**

– निश्चितरूपमा प्रदेशको नाम ‘मधेश’ र राजधानी जनकपुरधाम समाजवादी र राजपाले प्रस्ताव गरेको छ । यो नै पारित हुन्छ भन्नेमा हामी विश्वस्त छौं ।

**० तर, प्रतिपक्षी दलहरूले छुट्टाछुट्टै नाम प्रस्ताव गरेका छन् नि ?**

– राजधानीको सन्दर्भमा लगभग सबै दलको कुरा मिलिसकेको छ, सर्वसहमत नै हुन्छ । नामाकरणको सन्दर्भमा सत्तारूढ समाजवादी र राजपाको एउटै धारणा छ, कांग्रेसभित्र दुईटा धार छ । एउटा पक्षले मिथिला भोजपुरा र अर्कोले मध्यमधेश भनेको छ । मध्यमधेश भन्नेहरू मधेश प्रदेशतिर आउँछन् । हाम्रो कुराहरू पनि भइरहेका छन् । उहाँहरूले समर्थन पनि जनाइरहेको अवस्था छ । यसैगरी, तत्कालीन माओवादीका अधिकांश सांसदहरू मधेश प्रदेशको पक्षमा छन् । उहाँहरू जानकी प्रदेशको पक्षमा हुनुहुन्न । र, तत्कालीन एमालेका सांसदहरू पनि मधेश प्रदेशकै पक्षमा छन् । नामाकरणका लागि सर्वसहमति हुन सकेन र यदि मतदान भयो भने हामीले मधेश प्रदेशको पक्षमा दुई तिहाइ मत पाउँछौं भन्नेमा हामी विश्वस्त छौं ।

**० यदि मधेशका आठवटा जिल्लालाई मात्रै मधेश प्रदेश घोषणा गरियो भने अन्य प्रदेशका मधेशीसँग अन्याय हुँदैन ?**

– हेर्नुस्, आठवटा जिल्ला मात्रै मधेश होइन । हामीले पाएका उपलब्धिलाई पहिला संस्थागत गरौं, त्यसपछि बाँकी अधिकारका लागि संघर्ष गर्दै जाऔंला । मधेश प्रदेशमा २२ वटै जिल्लालाई मिलाउनका लागि अर्को संघर्षको आवश्यकता हुन्छ । यो रणनीति तहत हामी अगाडि बढ्छौं ।

**० मलेठ घटनासम्बन्धी प्रतिवेदन किन सार्वजनिक हुँदैन ?**

– मलेठ घटनासम्बन्धी रिपोर्ट तयारी अवस्थामा छ, त्यसमा रहेका केही प्राविधिक कुराहरू मिलाउनुपर्ने भएकोले ढिलो भइरहेको छ । अब ती कुराहरू हामीले मिलाइसकेपछि प्रदेश सरकारलाई प्रतिवेदन बुझाउँछौं र सार्वजनिक हुन्छ ।

**० मलेठ घटनामा देखिएका दोषीहरूमाथि प्रदेश सरकारले कारबाही गर्न सक्छ ?**

– निश्चितरूपमा दोषीमाथि कारबाही गर्नुपर्ने हुन्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कुटनीतिक वार्ताभन्दा पनि वार्तामा कुटनीति



मनोज कुमार कर्ण

सुन्दै उस्तै लाग्ने तर फरक अर्थका दुई कार्य हुन्, 'कूटनीतिक वार्ता' र 'वार्तामा कूटनीति' हाल्नु । कूटनीतिक वार्ताको लागि कसरी वार्ता गर्ने, के-के विषय उठान गर्ने, कुन क्षणमा गर्ने, लेन-देनको हिसाबमा गर्ने कि पूरा आत्मविश्वासको साथमा गर्ने जस्ता विविध कुराहरू पर्छन् । तर वार्तामा कूटनीति भनेको वार्तालाई जसरीपनि फलदायी बनाउन, अर्को पक्षको पूर्ण ध्यान आफ्नो कुरामा तान्न कस्तो व्यक्ति वार्ता गर्न चयन गर्ने, विपक्षको ध्यान र रूची के मा हो, विपक्षको आफूप्रतिको गम्भिरता कति हो आदिलाई माप्नु हो । वार्ताकार कुनै संस्था वा समग्र देशकै प्रतिनिधित्व राजदूत, विशेष दूत, वाणिज्य दूत, परराष्ट्रको कर्मचारी, दुई देशीय वा बहुदेशीय सम्मेलनमा स्वयं राजनीतिक व्यक्तिले कुरा राख्ने हुन्छन् । अवश्य, यस लेखको आशय मान्छेलाई व्यक्तिगतरूपमा सफल वार्ताकार बनाउन कसरी टेवा पुऱ्याउने हो भन्ने सीपको छोटकरी चर्चाभन्दा पनि देशभित्रमा गरिने एक-एकजना बीचको वार्ताभन्दा दुई संस्था बीच र अझ भनौं अन्तर्राष्ट्रियस्तरका कूटनीतिक वार्तालाई कसरी नेपालको पक्षमा फलदायी बनाउने बारे हो ।

हामीले ध्यानमा राख्नैपर्ने सत्यतथ्य के हो भने नेपाल विविध जात, क्षेत्र, धर्म र सम्प्रदायका मान्छेले क्रस-कल्चरल समाज हो जसमा एकल जात तथा समुदायको कूटनीतिक व्यक्ति विदेशमा चयन गरेर पठाउनु पहिला स्वयंको देशको जनताको विश्वास तथा साथ गुमाउनु हो किनकि उपेक्षित समूहले त्यस आवेशमा स्वयंको देशको व्यक्तिको सफलताभन्दा पनि विपक्षले नै जितोस् भन्ठान्छन् र, यस 'राष्ट्रिय क्षति'को जिम्मा अलोकतान्त्रिक सत्ता/विपक्ष पार्टीका नेताहरूले लिनुपर्छ । फेरी वार्ताको टेबलमा यो पनि ठूलो महत्व राख्छ कि तपाईं प्रतिनिधित्व गरिरहेको देशको राजनीति, राजनीतिक नियुक्ति समावेशी/असमावेशी के हो, धार्मिक आस्था के हो, राजनीतिक झुकाव कता हो जस्ता आदि कुरामा भर पर्छन् । जस्तै, श्रीलंकामा नेपालको तर्फबाट बुद्ध वा बुद्धिज्म्बारे लगानीमा कूटनीतिक वार्ता छ भने नेपालबाट बुद्धिज्म्प्रति कम झुकाव वा नकारात्मक भाव राख्ने कोही अधर्मी र एनार्किक मान्छेलाई पठाउंदा परिणाम राम्रो आउने छैन । त्यस्तै, अमेरीका वा युरोप जस्ता पूर्ण लोकतन्त्र वा गणतन्त्र वा अवसर क्षमताको आधारमा नागरिकलाई उपलब्ध गराईने सोचको देशसंग वार्ता गर्ने राजदूत यदि नेपालबाट सधैंभरि एउटै जात, समुदायको तथा सबै मैं लाऊं, मैं खाऊं र देशलाई भन्दा एउटा समुदाय वा पार्टीको लाभ हेरेर वार्ता गर्छ भन्ने उ असफल हुनेछ । वार्तामा त्यस्तो हाम्रो प्रतिनिधिले 'आश्वासन' धेरै पाउने छन् तर वास्तविकतामा केही पाउने छैनन् । यस्तो अवस्थामा आफ्नो कुरा अर्कोपक्षले सुन्नैपर्ने बाध्यात्मक बनाउन कि संसारमै डौलर र ट्यांक पावरमा टौप टेनमा आउनु पऱ्यो वा हाम्रो जस्तो आर्थिकरूपले विपन्न, डौलर-ट्यांकमा मानसिकरूपले संसारसंग लगभग पहिल्यै पराजीत, छिमेकीहरू विश्व प्रतिस्पर्धी तथा हरेक क्षेत्रमा अति बलवान् रहेका तर आफ्नो देश नागरिकको विविधता समुदाय, क्षेत्र, जात, धर्म, राजनीति आदिले भरेकोले र देशको सीमा अन्य देशमाथि परिनिर्भरताको सिद्धान्तमा देश टिकेकोमा खुला रहेको र सांस्कृतिक समानता रहेकोमा तलका कुराहरू नेपाल सरकारले कूटनीतिक चयनगर्दा विचार गर्नैपर्छ, यदि देशमा गणतन्त्र आएको बुझ्छन् र देशलाई जोगाउने आत्मा सफा तथा ईमान्दार छ भने ।

लेखक न त कूटनीतिज्ञ छ, न राजनीतिक व्यक्तित्व तर एउटा सचेत नागरिक छ जसभित्र राष्ट्रियताको नवीनतम् परिभाषा आजको पोष्ट-कोलोनियलिज्म् वा पोष्ट-मोडर्निज्म् जमानामा परिभाषित र परिमार्जित अवस्थामा छ । देशको आजको अवस्था केवल एक क्षेत्रमा राजनीति अस्तव्यस्त नभई नेपालको कूटनीतिक विफलता चारैतिर आभास हुन्छ चाहे त्यो भारत-नेपाल/चीन-नेपाल सीमाना सम्बन्धि वार्ता होस् वा विदेशमा मानवशक्ति नेपालबाट पठाउने प्रसङ्ग होस् वा फेरी अर्को देशबाट गरिने सन्धि-सम्झौता होस्, यस्ता मौकामा नेपाली पक्ष कमजोर भएर प्रस्तुत हुने, विषय उठान राम्ररी पूर्व तयारीको अभावमा वा विकसित व्यक्तित्वको अभावमा वा वार्ता अघि नै वार्ताकार देशको तर्फबाट स्वयंको जमीर बेच्दै समर्पण गरिदिने वा वार्तालाई व्यक्तिगत/पारिवारीक लाभमा अन्त्य गरिदिने र देशलाई ठूलो घाटा दिएको बारम्बारको उदाहरण नेपाल जस्तो गरिब देशहरूमा पाईन्छन् ।

**कस्तो व्यक्तिलाई कुन देशमा पठाउने त अब ?**

माथिका कुराहरूलाई मध्यनजर गर्ने हो भने नेपाल आज सीमाविवाद, विदेशमा मानवसंशाधन पठाउंदा पारिश्रमिक बढाउने तथा सुरक्षित बनाउने, उनीहरूको सुनुवाईलाई विदेशमा तीव्र बनाउने, विभिन्न सन्धि-सम्झौता नेपाली पक्षलाई गहन अध्ययन गरेर वैज्ञानिक आधारमा माथि पारेर सक्दो लाभमा पारेर गर्ने, वैदेशिक व्यापारिक पोर्ट तथा नाकाहरूलाई सुलभ र नेपाली जनतालाई सस्तोमा सामान सप्लाई गर्ने तवरले सफलता पाउनु, विदेशमा आफ्ना नागरिकको अपर्झट कुनै आतंकी समूहबाट आईपरेको समस्याबाट मुक्त गराउनु जस्ता आदि जस्ता दैनन्दैनिक कूटनीतिक कार्यबाट गुज्रीरहेको छ जहाँ हाम्रा प्राय: दूतहरू माथिका योग्यताभन्दा पनि पार्टी/पारिवारिक/समुदाय/आर्थिक ताकतले नजिकभएर नियुक्तभएका छन् । अत: उनीहरू आफ्ना नीजि स्वार्थबाट माथि उठेर देशलाई फाईदा नै पुऱ्याउने गरि सफल भएर वार्ता गर्ने हुन् वा उनीहरू असफल भए सरकारले फिर्ता बोलाउने छ र, उ आईपनि दिनेछ भनि सोच्नु दिवास्वप्न हो । र, यो दिवास्वप्न नभाग्नु नै बलियो प्रमाण हो नेपाली राजनैतिक प्रणाली र नेतृत्वलाई आरोप लगाउन कि नेपालमा कि त साँच्चिकै संघीय लोकतान्त्रिक गणतन्त्र र राजनीतिक चेतना राष्ट्रियतालाई कसरी बनाउने भन्नेबारे आएकै छैन वा आएको हो भने ज्ञानपापी भएर नेतृत्वहरू केवल आफ्नाको पक्षमा कूटनीतिक निकायहरूलाई दुरूपयोग गरिरहेका छन्, जसको विरूद्धमा यस्ता भ्रष्ट नेतृत्व जुन दलका भएपनि बाटामा उसको कमजोरीसहित आउनुपर्छ । ठिक छ, रोजाई सत्ताधारी पार्टीकै मान्छेको होस् तर अन्य देशको विविधता अनुसार नेतृत्वकै मन परेको व्यक्ति निश्चित देशको दूतमा त जानु पऱ्यो नि !

यदि यस सत्यलाई मान्ने हो भने दूतलाई करियर डिप्लोम्याट् यानिकि परराष्ट्र सेवाका कर्मचारीबाट छान्नुस् वा पोलिटिकल डिप्लोम्याट अर्थात् राजनीतिक व्यक्तित्वबाट छान्नुस्, तर सबै समुदाय, लिङ्ग, क्षेत्रबाट उक्त देशको गम्भिरता अनुसार छनौट हुनुपर्छ । यो भनिरहन्नु परेन कि जो जसको नाम प्रतिस्पर्धामा हुनेछ, उ विषयवस्तुमा माहिर हुनेछ र राजनीतिक व्यक्तित्वको कोटामा मिडिया जगत्, विश्वविद्यालय, राजनीतिक-पूर्व मन्त्री, व्यापारी, एक्सपर्ट आदिलाई रोज्न सकिन्छ । यस अवस्थामा म बोल्डली नेपाल सरकारसंग माग गर्दछु कि चीनको राजदूत यदि अरनिको-भृकुटीलाई ध्यानमा राखेर केवल पहाडी बाहुण वा आदिवासी जनजातिबाट नियुक्त गरिरह्ने हो अर्थात्, कोर्स चेञ्ज नगर्ने हो भने भारतमा राम-सीताको आधारमा पनि केवल मधेशीलाई राजदूतमा नियुक्त गर । होइन भने त्यस्ता गैरमधेशी राजदूतलाई भारतले दिल्लीमा किन झ्यालु गर्ने ? त्यस्तै, अन्य देशमा नेपालका मधेशी, बाहुण-क्षेत्री र आदिवासी-जनजातिबाट लिङ्ग, धर्म, दल, राजनैतिक आस्थाप्रतिको झुकावको आधारमा बराबरी ढंगले दूत नियुक्त गर्नैपर्छ, यदि नेपाललाई एक्काईंसौं शताब्दीको पोष्ट-कोलोनियलिज्म् वा मोडर्निज्म्को अति बृहत्त सोचको राष्ट्रियतायुक्त नेपाल बनाउने हो भने । होइन, अब 'आफू मर्ने बेलासम्म शासन' गरिसकें, नेपालको भविष्य र बाँकी पुस्ता भांडमा जाओस् भन्ने 'महिषासुर'सोच नेतृत्वमा छ भने नेपालकै अस्तित्व नाश गर्न हामी अनेकौं समुदायबाट धेरै सीके राउत र विप्लबहरू जन्माउदै छौं । स्वयं संसारबाट बीतेपछि वार्षिकिमा मान्छेले के कुरा काट्लान्, आम पब्लिकले मनाईदिने कि केवल पार्टीका र त्यसमा पनि केवल किचेनका भान्से तथा नातेदार वा गुटसदस्यले, त्यसबारे जिवित छँदै स्वयं हरेक दलका नेताले मनन् गर्दा उत्तम । तसर्थ, यदि आवश्यकताको सिद्धान्त अनुसार, नेपालका गैरमधेशी वा पहाडी जनताको जति बल सीमा मिच्याईको आरोपमा भारतमाथि 'आगो'बाल्न आउंछ तर चीन सामु 'मामा-भाञ्जा'को नातामा 'नून खाएको कुकुरा'मा स्वयंलाई परिणत गर्छन् भने यस्तो अवस्थामा झन चीनसंगको व्यापारिक वा सीमा वार्तामा कम्तिमा पचास प्रतिशत र मधेशी-नेपाली नेतृत्वमा वार्ता टोली गठन हुनुपर्छ तथा त्यहाँको हरेक वैतनिक, अवैतनिक वा वाणिज्य वा फुल राजदूत मधेशी हुनैपर्छ । यतिमात्र होइन कि भारतसंगको वार्ता टोलीमा पनि पचास प्रतिशत मधेशी सदस्य हुनैपर्छ । देशमा जुन सुकै राजनीतिक दल नेतृत्वमा आवोस्, तर कूटनीतिक नियुक्ति सन्तुलित हुनैपर्छ । यदि यस्तो भयो भने 'वार्तामा कूटनीति' थपिन गई नेपालको कूटनीतिक वार्तामा सफलता हरेक दृष्टिकोणले भविष्यमा हुने देखिन्छ ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)*

शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले:

१. न्यानो कपडाको जोहो समयमै गरौं।
२. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## मधेश अपडेट

### मधेशमा चिसो बढ्यो, कम्बल वितरण

जनकपुरधाम । दुई दिनयता मधेशमा ह्वात्तै चिसो बढेको छ । हरेक वर्ष चिसोबाट मधेशमा विपन्न वर्ग समुदायका वृद्धवृद्धा तथा बच्चाहरू प्रभावित हुने गरेका छन् । कैयौंको ज्यानसमेत जाने गरेको तथ्यांक छ । चिसो बढेसँगै प्रदेश नं २ का सामाजिक विकासमन्त्री नवलकिशोर साह र राजपा नेपालका महासचिव राजीव झाले जनकपुरधामका विभिन्न ठाउँ मठ, मन्दिर, धर्मशालाको बाहिर, सडक पेटिमा सुतिरहेका व्यक्तिहरूलाई चिसोबाट बच्न स्थलमै पुगी कम्वल ओढाएका छन् । क्लोथ बैंक धनुषाको अध्यक्षसमेत रहेका महासचिव झाको सहयोग र सहायक प्रमुख जिल्ला अधिकारी सरद कुमार पोखरेल, राजपा नेपालका मनोज चौधरी, जिल्ला अध्यक्षमण्डल सदस्य संजय सिंह, युवा नेता सुमित साह, सहायक प्रहरी उपरीक्षक रामेश्वर कार्की, सशस्त्र प्रहरी निरीक्षक प्रकाश भट्टलगायतले न्यानो कपडा वितरण गरेका छन् । यसैगरी, जनकपुर युथ क्लबका पूर्वअध्यक्ष मनिष झा श्रीओम, धनुषा जिल्ला उपाध्यक्ष मनिष चौधरी, दिबाकर झा, पत्रकार बटुकनाथ झा, अभियानी मनोज साह, व्यवसायी शंकर झा सहितको विशेष उपस्थितिमा धनुषा जिल्लामा जाडो बढेसँगै सामाजिक विकासमन्त्री र महासचिव राजीव झाको विशेष प्रयासमा मंगलबारराती ९:३० देखि ११ बजेसम्म मुरली चौक राम मन्दिर वरपर, गंगा सागर, जानकी मन्दिर, जिरोमाइल, बस स्टेण्ड, बेला कुट्टी वरपर सडक पेटीसहित जत्र तत्र बिना न्यानो कपडा ओढी सुतेको ब्यक्तिहरूलाई ३७ थान कम्बल वितरण गरेका थिए । क्लोथ बैंकका अध्यक्ष झाको यो प्रयास सराहनीय छ तर, जनकपुरधाम मात्रै नभई मधेश ग्रामीण भेगमा पनि यस्ता अभियान चलाउनुपर्ने आवश्यकता रहेको छ । न्यानो कपडाको अभावमा ग्रामीण भेगका जनता बढी प्रभावित हुने गरेका छन् । न्यानो कपडाको अभावमा चिसोबाट बच्न घुर बालेर सुत्ने र कहिलेकाँही घुरबाटै आगो सल्किँदा कतिपयको ज्यान जाने गरेको खबरहरूलाई नजरअन्दाज गर्न मिल्दैन । तसर्थ, क्लोथ बैंकले यसतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ ।

### स्थानीय जनप्रतिनिधिलाई पदमुक्त गर्दै नेकपा

जनकपुरधाम । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले पार्टी अनुशासन विपरीत गतिविधि गरेका र पार्टी परित्याग गरेका प्रदेश २ का स्थानीय जनप्रतिनिधिलाई पदमुक्त गर्दैछ । नेकपा एक नेताका अनुसार नेकपाबाट निर्वाचित भई पछि पार्टी परित्याग गरी अन्य दलमा प्रवेश गरेका, पार्टीको नीतिविपरीत काम गरेका, पार्टीको विधान उल्लंघनजस्ता गतिविधिमामा संलग्न जनप्रतिनिधिलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्काशन गरिदैछ । यसरी पदमुक्त हुनेमा केही वडाध्यक्षहरू रहेको नेकपाले जनाएको छ । त्यस्ता जनप्रतिनिधिहरूको नाम विभिन्न कमिटीबाट पार्टीको माथिल्लो तहमा बुझाइएको र बर्खास्तीमा पर्नेको नाम पनि तय भैसकेको नेकपा स्रोतले जनाएको छ । पार्टीले केही दिनमै परिपत्र जारी गरी ती जनप्रतिनिधिहरूलाई पदमुक्त गर्ने नेकपाले जनाएको छ । पार्टीको निर्देशन नमान्ने, पार्टी नीति विपरित आफूखुशी काम गर्ने, जनताको काममा ध्यान नदिने लगायतका बिभिन्न कारण देखाउँदै पार्टीले उनीहरूलाई कारवाही गर्दैछ ।

### कृषकलाई पानी र बीउ नि:शुल्क

रौतहट । राज्यको नीति छ कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने तर कृषकलाई सिंचाई, मल र बिउको अभावले सताइरहन्छ । देशको अधिकांश क्षेत्रका किसान खेतीका लागि वर्षाको पानीमा निर्भर हुन्छन् कि त विद्युतीय मोटर पम्पको प्रयोग गरी जमिनको पानी तान्ने गर्दछन् । विद्युतीय मोटरबाट पानी तान्दा महङ्गो पर्ने गरेको किसानको गुनासो छ । मुलत: तराई मधेश क्षेत्रमा सिंचाई सुविधा अभावको कारण किसानहरू चिन्तित हुने गर्दछन । अन्य क्षेत्रमा परिस्थिति फरक भए पनि रौतहट जिल्लाको मौलापुर नगरपालिकाका किसान भने निश्चिन्त भएर आफ्नो पेसामा रमाउने गर्दछन र मनग्ये उत्पादन गरिरहेका छन् । किनकि यस नगरपालिकाभित्र कृषि मिटरमार्फत विद्युतीय मोटरको प्रयोग गरि सिंचाई गर्ने किसानहरूले मिटर बिल निशुल्क पाउने गरेका छन् । 'यस नगर क्षेत्रको ७५ प्रतिशतभन्दा बढी भूभागमा खेती हुने गर्दछ र अधिकतम स्थानीय कृषि पेसामा आधारित छन् । स्थानीयका लागि सिंचाईका लागि विकल्पको रूपमा रहेको कृषि मिटर रहेको छ । यसबापत विद्युत प्राधिकरणलाई तिर्नुपर्ने शुल्क नगरपालिकाले बेहोर्ने गरेको छ । यसले किसानलाई सहज बनाइदिएको छ' मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र साहले भने ।

### राजा महेन्द्रको जयन्ती र अस्तिबोध दिवस मनाइयो

वीरगंज । राष्ट्र जोगाऔं र महेन्द्रवादलाई जगेर्ना गरौं भन्ने नाराका साथ स्वर्गीय राजा महेन्द्र शाहको ९९औं जयन्ती एवम् अस्तिबोध दिवस एक समारोहका बीच वीरगंजमा मनाइएको छ । राष्ट्रिय सरोकार मंच नेपाल नारायणीले वीरगंजको नगरसभा गृहमा रहेको स्वर्गीय राजा महेन्द्र शाह शालिकमा माल्यार्पण कार्यक्रममा सम्पन्न गरेको हो । कार्यक्रका प्रमुख अतिथि समाजसेबी एवम् राष्ट्रवादी पशुपति बिक्रम शाहले स्वर्गीय राजा महेन्द्र शाहको शालिकमा माल्यार्पण गर्दै राजावादीहरू एकजुट नभए तबसम्म कुनै प्रगती नहुने बताए । उनले २०१७ सालमा स्वर्गीय राजा महेन्द्रले चालेको कदम जस्तै पुर्व राजा ज्ञानेन्द्र शाहले कदम नचालेसम्म देश र जनताले निकास पाउन नसक्ने बताए ।

### चरा तथा वातावरण सरक्षणकर्मी कपिलवस्तुमा

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपालमा वन वातावरण तथा चरा संरक्षणमा लागेका ७ प्रदेशका ५० बढी अभियानकर्मी प्रतिनिधिहरू कपिलवस्तुको जगदिशपुर तालमा आएका छन् । नेपाल चरा सरक्षंण संजालको आयोजनामा ३ दिने राष्ट्रिय कार्यशालाको अवसरमा उनीहरू कपिलवस्तु नगरपालिकामा रहेको विश्व सिमसार क्षेत्रमा रहेको जगदिशपुर तालमा पुगेका हुन् । जगदिशपुर ताल बहुसरोकार मंच कपिलवस्तुको समन्वयमा चरा सम्बन्धी काम गर्ने संस्था नेपाल पक्षीं सरक्षणको व्यवस्थापनमा ३ दिने कार्यक्रम सूरूवात भएको छ । कार्यक्रमको उद्घाटन गर्दे प्रदेश नं ५ का वन वातावरण तथा पर्यटनमन्त्री लिला गिरीले वातावरण संरक्षण र जैविक विविधता कायम गर्नको लागी प्रदेश सरकार लागेको बताए । साथै स्थानीय वन,पोखरी, ताल,मन्दिर जस्ता स्थानहरूको सरक्षण गर्नको लागी स्थानीय तह, स्थानीय नागरिक र प्रदेश सरकार लाग्नु पर्ने र त्यसमा सरकार सहकार्य गर्न तयार रहेको बताए । साथै पर्यटन वर्ष २०२० लाई सफल पार्न आम नागरिक लाग्नुपर्ने र काम गर्दा सकै मिलेर काम गर्ने वातावरण वनाउन समेत मन्त्री गिरीले आग्रह गरे ।





बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

# प्याज आपूर्तिको समस्या र समाधानका उपाय



डा.श्रीभगवान ठाकुर

**पृष्ठभूमि:** प्याजको अकाशिदो भाउ ई.सं. १९९७ मा रू. १०० र हाल २०१९मा रू २५० प्रति किलो सुनेर जीउ काम्न थाल्छ । प्याज समान्य परिवारको लागि सुन समान नै भईसकेको कुरा सामाजिक संजालमा धेरै नै सुनिसकेका छौं । नेपालमा बालीको पाकेट पैकेजको अवधारणामा कृषि मन्त्रालय मार्फत १५५ मिलियन रूपैयाको प्याजको मिशन पनि राम्रो उपलब्धिका साथ सम्पन्न पनि भई सकेको छ । तर देश प्याजको लागि अति नै बढी माँग रहेको र उत्पादनले पूर्ति गर्न सकेको अवस्था छैन । नेपालमा आफ्नै उत्पादनले ८० प्रतिशत प्याज भारत लगायत अन्य बाहिरी देशबाट आयात गर्नु पर्ने अवस्था छ । नेपालमा तराई मधेका १० जिल्लाहरूमा: सिरहा, सप्तरी, सर्लाही, बारा, रूपन्देही, धनुषा, दाङ्ग, पर्सा, बाँके र बर्दियामा विषेशगरी प्याजको खेती गरिन्छ । गतवर्षको तथ्याँकअनुसार प्याज २० हजार हेक्टरमा खेती गरी २३९ हजार टन उत्पादन भएको थियो । सोही वर्ष स्थानीय बजारको माग पूर्ति गर्न ३१० हजार टन लगभग रू. ३० अर्वबरावरको बाहिरबाट आयात गरिएको थियो । तर नेपालको भौगोलिक विविधता, वितिय व्यवस्थापन, र प्रविधिको तारतम्यता मिलाएर प्याजको खेती, भंडारण तथा विक्रीवितरणको साथै उपभोगको समुचित व्यवस्थापन गरेमा प्याजबाट कृषकहरूले अत्यधिक आम्दानी लिनुका साथै समृद्धि हासिलमा टेवा पुग्न सक्छ ।

प्याज हाम्रो समाजमा पाईने गानो समुहका तरकारीहरू मध्ये एउटा प्रख्यात तरकारी एवं स्वादिष्ट बास्नादार मसला बाली हो । यसमा थोरै फ्याट, प्रोटिन, कार्बोहाइड्रेड, फाइबर, कैरोटिन, भिटामिन बी.(बी ९) र सी., पोटासियम, म्याग्नेशियम, क्याल्सीयम, फस्फोरस प्रसस्त मात्रामा पाईन्छ । यसको प्रयोग औषधिको रूपमा शरीर विष निकाल्न, यूरिकएसिड घटाउन, माँसपेशीको समस्या कम गर्न, शारीरिक विकास, पाचन शक्ति बढाउन, पेट दुखाईमा, अनिद्रा घटाउन, श्वास फेर्न गाह्रो भएमा, बाथ रोग लागेमा, लु, हैजा, कमलपित्त, मुर्छा, मलेरिया, आगोले पोलेमा, बारूला माहुरी कीराले टोकेमा, चिसो वा रूघाखोकी लागेमा गरिन्छ । यसमा पाईने पिरोपन एलाईल प्रोपाईल डायसल्फाईड भन्ने उडनशील तेलको कारणले हो, जुन प्रजाती, उत्पादन हुने समय र भण्डारणको अवधिमा भर पर्दछ, जसले आँखाको आसु निकाली विभिन्न संक्रमणबाट बचाउँछ । यसको बाहिरी बोकाको रंग क्यूरसेटिन भन्ने तत्वले बनेको हुन्छ । यसको हरियो पात तरकारीको रूपमा, गानो सलाद, पकौडा, प्याजी, अचार, चटनी, रोटीपराठा, ढोसाको रूपमा तथा अरू तरकारीसंग मिसाएर तरकारीको रूपमा एवं अनेक प्रकारका व्यञ्जन समोसा, म:म:, चाउचाउ, चाउमिन, मासु आदिमा मसलाको रूपमा पनि सर्वत्र प्रयोग गरिन्छ ।

नेपालमा उपभोक्ताको माग आपूर्ति न हुनुमा प्रमुख समस्या क्षेत्रफल तथा उत्पादन न्यून हुनु हो । यसको खेती प्राय: जसो हिउँदमा गरिन्छ र उत्पादन चैत्र, बैशाखमा हुन्छ । यस प्रकारले उत्पादीत प्याजको भंडारण गर्ने समुचित व्यवस्था नभएको र घरेलु तरीकाले लामो



समयसम्म राख्न नसकी साउन, भाद्र सम्म खपत हुन्छ । साथै हाम्रो देशमा सब भन्दा बढी प्याजको खपत फागु, दशैं, तिहार र छठ जस्तो चाँड पर्वका साथै विहेबारीको बेला पनि माग बढी हुने भएकोले सो समयमा स्थानीय रूपमा उत्पादीत प्याज उपलब्ध नहुने र महङ्गो मूल्य तिरी भारतबाट प्याज आयात गर्नु पर्ने बाध्यता छ, फलस्वरूप ठुलो रकम विदेशमा जाने गरेको छ । यसवर्ष भारत लगायत चीन, अफगानिस्तान, पाकिस्तानबाट पनि आयात गर्नु परेको छ ।

प्याजको खेतीको लागि तराई मधेश तथा मध्यपहाडका तल्लो भेक उपयुक्त माटो र हावापानी भएको भूगोल हो । तराईमधेशमा प्याजको क्षेत्रफल धेरै भए पनि उत्पादकत्व अरू देशको तुलनामा धेरै नै न्यून रहेको छ । तराईमधेशमा कृषकहरूले उन्नत जात प्रयोग नगर्नु, उन्नत खेती प्रविधि (समय, नर्सरी, सिंचाई, गोडमेल, रोगकीरा, चिसो असिना व्यवस्थापन) न अपनाउनु, उचित भण्डारण, समुचित बजारीकरण, प्रशोधन व्यवस्था नहुनुका कारणले नेपालको उत्पादन न्यून रहेको छ । जसले गर्दा वर्षै पिच्छे हाम्रो देशमा धेरै मंहगो प्याजको मारमा परेको छ । ती व्यवधानहरूलाई मध्ये उपयुक्त प्रविधि र जातको छनोट गरी सही समयमा खेती गर्न सके आफ्नै उत्पादनले सालै भरि प्याजको माग आपूर्तिका साथै देश वाहिरबाट पनि विदेशी मुद्रा आर्जन गर्न सक्ने अपार सम्भावना रहेको छ ।

प्याज सालै भरि उत्पादन गर्न सकिने बाली भएकोले प्याज वर्षैभरि आपूर्ति हुने प्रविधि स्थानान्तर गरी बाली सघनता बढाउनु बाहेक अरू उपाय हुन सक्दैन । प्याज २०-२५ डिग्री सेन्टीग्रेड तापकममा उम्रन सक्ने, मध्यम तापकम र छोटो प्रकाश अवधिमा विरूवाको वृद्धिविकास र उच्च तापकम र लामो प्रकाश अवधिमा गानोको विकास राम्रोसंग हुन सकिने तथा ज्यादै अम्लियपन तथा क्षारियपनबाहेक, मोथेभार नभएको दोमट वा बलौटे दोमटमाटोमा हुन सक्छ ।

प्याजको सघनता बढाउन मुख्य गरी दुई तरीका (१) बीउबाट बेर्ना बनाई रोपने, (२) बीउबाट सिधै सेट (सानो गानो) बनाई रोपने विधिबाट गर्न सकिन्छ ।

(१) बीउबाट बेर्ना बनाई रोपने विधिमा (क) हिउँदे र (ख) वर्षे गरी दुई सीजन गरी बाली सघनता बढाउन सकिन्छ ।

(२) बीउबाट सिधै सेट (सानो गानो) बनाई रोपने विधिमा वर्षा याममा रोपेर प्याजको खेतीको क्षेत्रफल बढाउन सकिन्छ ।

**बीउबाट बेर्ना रोपने:**

**हिउँदमा** तराई मधेश र मध्यपहाडमा असोज-कार्तिकमा ठुलो क्षेत्रफलमा लगाई बेर्ना मंशीर-पौसमा रोपेर चैत्र-बैसाखमा प्याजको गानो उत्पादन लिन सकिन्छ ।

**बर्षामा** तराई मधेश र मध्यपहाडमा कम भारपात हुने, पानी नजम्ने क्षेत्रमा जेष्ठ-अषाढमा बीउ रोपी अग्लो व्याडमा प्लाष्टिकको गुमोज (टनेल) बनाई साउन भदौमा बेर्ना रोपी कार्तिक मंशीरमा प्याजको पातसहितको गानो अत्यधिक उत्पादन गर्न सकिन्छ । पहाडमा बैसाख जेष्ठमा बीउ लगाई साउन भदौमा बेर्ना सारी पात सहितको गानो प्याज मंशीर पौसमा उत्पादन गर्न सकिन्छ ।

**बीउबाट सिधै सेट (सानो गानो) बनाई रोपने:**

तराईमधेशमा र मध्यपहाडमा असोज कार्तिकमा पातलो गरी सिधै बीउ छरेर फागुन चैत्रमा १० ग्रामको सानो गानो (सेट) उत्पादनगरी राख्ने, अनि साउन भदौमा ड्यांग बनाई गानो (सेट) रोपी कार्तिक मंशीरमा पात सहितको गानो प्याज उत्पादन लिन सकिन्छ ।

**नेपालमा पाईने प्याजका प्रचलित जात तथा यसका गुणहरू:-**

**१.एग्री फाउण्ड डार्क रेड :** यो बेमौसममा खेती गर्न सकिने जात हो । सेट बाट गानो तथा हरियो साग उत्पादन गर्नको लागी यो जातले प्रशिद्ध नाम कमाएको छ । बिषेश गरी नेपालीहरूको चाड पर्व ( भाद्र महिना देखि कार्तिक सम्म ) प्याज धेरै महङ्गो हुने गर्दछ । त्यसैले आषाढ श्रावण तिर यस्को सेट रोपेर गानो उत्पादन गर्दा बढी मुल्यमा बिक्री गर्न सकिन्छ ।

**२. एग्री फाउण्ड लाईट रेड** : यो पनि डार्क रेड जस्तै बेमौसममा लगाउन सकिने जात हो ।

**३.रेड क्रीयोल** : यो छोटो अबधिमा तयार हुने जात हो । गानो गाढा रातो र पात गाढा हरियो हुन्छ । यो जातको बाली तयार हुन (गानो खन्नको लागी) १६०-१८० दिन लाग्दछ । उत्पादन २०-२४ टनसम्म प्रति हे. हुन सक्दछ । यस्को भण्डारण गुण पनि राम्रो छ ।

**४. एन ५३ :** यो रेड क्रीयोल भन्दा पनि छोटो अबधिमा तयार हुने जात हो । यस्को गानो हल्का रातो र पात हल्का हरियो हुन्छ । यो करिव १२० दिनमै तयार हुन्छ । यस्को उत्पादन करिब २० टनसम्म प्रति हे. सम्म हुन सक्दछ । यो जातको प्याज भण्डारणको लागी उपयूक्त हुंदैन ।

**५.पुसा रेड** : यो छोटो दिनमा हुने गानो रातो कम पिरो, उत्पादन १५-२० टनसम्म प्रति हे. हुन्छ र भण्डार गर्न उपयुक्त हुंदैन ।

**६.नासिक रेड :** यो छोटो दिनमा हुने, गानो रातो, अलि अलि पीरो र उत्पादन २०-२४ टनसम्म प्रति हे.सम्म हुन सक्दछ ।

**७. काठमाण्डौ स्थानिय :** यो छोटो दिनमा हुने, गानो खैरो रङ्गको र पीरो हुने जात हो । यस्को उत्पादन २०-२५ टनसम्म प्रति हे.हुन सक्दछ ।

**८. बेमौशमी १:** यो सानो अवधिमा तयारहुने, बेमौशममा बर्षे प्याजको रूपमा हुने, ठुलो आकारको गानो फल्ने, ४६ टनसम्म प्रति हे. हरियो गानो उत्पादन हुन सक्छ ।

अत: राष्ट्रको प्याज उत्पादन, खाद्य तथा पोषणको समस्या, आयात, गरीवि तथा युवा पलायनको अवस्थालाई मध्य नजर राखी कृषकहरूको आम्दानी बढाउन, आयात प्रतिस्थापन र समृद्धिको नारालाई साकार पार्ने उद्देश्यले स्थानीय सरकारले ठाउँ र मौशम सुहाउँदो हिसाबले बढीभन्दा बढी आफ्नो नीति तथा कार्यक्रमबनाई बजेट विनियोजनगरी सालैभरि प्याजको उत्पादन गर्ने, बर्षा असिना र अन्य जोखीमबाट बच्न बीमाको व्यवस्थाका साथै यसका समुचित भंडारण र बजारीकरणमा जोड दिन अनुरोध गरिन्छ ।

## संक्षिप्त समाचार

### उपत्यका समिति पुनर्गठन

काठमाडौं । मधेशी पत्रकार समाज नेपालको उपत्यका कमिटी पुनर्गठन गरिएको छ । आइतबार आयोजित विशेष समारोहमा सञ्चारकर्मी तथा सँगीतकार कमल मण्डलको अध्यक्षतामा १३ सदस्यीय उपत्यका समिति घोषणा गरिएको छ । उपत्यका समितिको उपाध्यक्षद्वयमा रामसुकुल मण्डल र दीपा चौधरी, सचिवमा शिव अधिकारी यदुवंशी, सहसचिवमा रजनिश प्रसाद कुशवाहा र कोषाध्यक्ष मनोज मण्डल रहेका छन् । यसैगरी, सदस्यहरूमा रामनारायण राउत, विपिन श्रीवास्तव, भगवती शर्मा, समर साह, रिजवान खान, मो. शेराज र लक्ष्मी चौधरी रहेका छन् । यस्तै, सल्लाहकारहरूमा विजय यादव, रंजित सिंह, राजु चौधरी, श्रुति सिंह, शैलेन्द्र यादव, सुभाद्री चौधरी रहेका छन् ।

### कृष्णनगर-राजस्थान पैदलयात्रा

अजय मिश्र, कपिलवस्तु । कृष्णनगर नगरपालिका वडा नम्बर २ बाट २५ जना पैदलयात्री राजस्थानका लागि प्रस्थान गरेका छन् । यो यात्रा एक हजार एक सय किलोमीटर लामो रहेको छ । पैदलयात्रीहरू राजस्थान पुग्न ३१ दिन लाग्छ, जसमा २० पुरूष र ५ महिला यात्रामा शाहभागी छन् । यसको अगुवाई मनीष कुमार सिंगल र गोगुल गोयलले गरेका हुन् । उक्त यात्राको कृष्णनगर नगर प्रमुख रजत प्रताप शाहले गोलघरमा पदयात्रीहरूलाई फूल माला लगाई सबै पदयात्रीहरूलाई शुभयात्राको कामना गरेका छन् । यस रैली यात्राको आयोजक श्री श्याम भक्त मंडल बढनी कृष्णनगर नेपाल रहेको छ ।

### सार्वजनिक शिक्षालाई सवलीकरण गरिने

विराटनगर । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले शिक्षालाई उत्पादन र विकाससँग जोड्नुपर्ने बताएका छन् । शिक्षालाई उत्पादनमा जोड्न नसक्दा अधिकाँश सार्वजनिक विद्यालय रूग्न उद्योग जस्तो भएको उनले बताए । उत्पादनमा जोडिए विद्यालयको सबलीकरणको प्रक्रिया अगाडि बढ्ने उनको धारणा थियो । प्रेस सङ्गठन, मोरङले विराटनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री पोखरेलले सुर्खेतको एउटा विद्यालयले मह उत्पादन गरेर सोल्टी होटेलमा आपूर्ति गरिरहेको सन्दर्भ समेतजोडे । उनले भने 'उत्पादनसँग जोडिएका विद्यालय सबल र स्तरीय भएका उदाहरण पनि थुप्रै छन् ।' उनले सरकारले अहिले सबै सार्वजनिक स्कुललाई सवलीकरण गर्ने प्रक्रिया सुरू गरेको बताए । सार्वजनिक शिक्षालाई भौतिक पूर्वाधार, शिक्षक दरबन्दी तथा सिकाई विधि र आवश्यक सुविधा उपलब्ध गराएर सबलीकरण गरिने पोखरेलले बताए ।

### अस्पतालमा दरबन्दी अझै पूर्ति भएन

धनगढी । सुदूरपश्चिम प्रदेशका सात पहाडी जिल्लाको पहुँचमा रहेको डडेल्धुरा अस्पतालमा लामो समयदेखि एघारौँ तहका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट अझै पठाइएको छैन । सङ्घीय सरकारले पछिल्लो समय समायोजन प्रक्रियाको थालनी गरेपश्चात् भने अस्पतालमा मेडिकल सुपरिन्टेन्डेन्ट पठाउने निर्णय गरेको भए पनि एघारौँ तहका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट अझैसम्म पठाइएको छैन । विगत दुई वर्षयता सङ्घीय सरकारको मातहतमा रहेको डडेलधुरा अस्पतालमा न त अस्पताल विकास समिति बनाइएको छ, न त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट नै पठाइएको छ । हाल विशिष्ट विशेषज्ञ अस्पतालमा नाम दर्ता गरिएको डडेलधुरा अस्पतालमा दुई जना मात्रै मेडिकल अधिकृत स्थायी दरबन्दीमा कार्यरत देखिन्छन् ।

### विद्युतीय रेलमार्गको अध्ययन सम्पन्न

विराटनगर । प्रदेश १ मा निर्माण हुने पूर्व-पश्चिम र विराटनगर-इटहरी विद्युतीय रेलमार्गको वातावरणीय अध्ययन सकिएको छ । पूर्व-पश्चिमअन्तर्गत इनरूवा काँकरभिट्टा १०६.५९ किलोमिटर र विराटनगर-इटहरी लिंक रेलमार्ग २०.१६ किलोमिटर लम्बाइको हुने प्रस्ताव गरिएको छ । प्रदेशका झापा, मोरङ र सुन्सरीमा कन्ने २०० किलोमिटर प्रतिघण्टाको रेलवेज जम्मा १२६.७५ किलोमिटरको हुने जनाइएको छ । नेपाल रेल विभागले वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) तयार पारेको प्रतिवेदन विराटनगरमा सार्वजनिक सुनवाई कार्यक्रममा सार्वजनिक गरेको हो ।

### मानव अधिकार र पत्रकारिता तालिम सम्पन्न

भैरहवा । प्रदेश ५ का सभामुख पूर्णबहादुर घर्तीले कानुन कार्यान्वयनमा पत्रकारको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ । मानव अधिकार पत्रकार समाजले भैरहवामा मङ्सिर २६ देखि आयोजना गरेको तीन दिन मानव अधिकार र पत्रकारिता विषयक तालिमको समापन गर्दै सभामुख घर्तीले प्रदेश ५ मा ४८ वटा कानुन बनिसकेको जानकारी गराए । ती कानुनको प्रभावकारी कार्यन्वयनमा पत्रकारको भूमिका महत्वपूर्ण हुने उनको भनाई थियो । कानुनको कार्यान्वयनसँगै मानव अधिकारको रक्षामा पनि पत्रकारको भूमिका उत्तिकै जिम्मेवारीपूर्ण हुने उनले बताए ।

### अपाङ्गता सशक्तिकरण केन्द्र उद्घाटन

नेपालगञ्ज । सङ्घीय सरकारका सहरी विकासमन्त्री मोहम्मद इश्तियाक राईले अपाङ्गता भएका व्यक्तिलाई पनि अन्य नागरिकसरह सक्षम र सबल बनाउन वर्तमान सरकार गम्भीर रहेको बताएका छन् । उनले समृद्ध नेपाल र सुखी नेपालीको नारालाई साकार पार्नका लागि पनि देशका सबै नागरिकको उत्थान आवश्यक रहेको बताए । दाङ जिल्लाको शान्तिनगर गाँउपालिका वडा नम्बर ५ मा स्थापना गरिएको अपाङ्गता सशक्तीकरण केन्द्र नेपाल नामको संस्थाको उद्घाटन गर्दै मन्त्री राईले यस्तो बताएका हुन् । उनले अपाङ्गता भएका व्यक्तिलाई सामाजिक भत्ता वितरणदेखि अपाङ्गमैत्री संरचना निर्माण लगायतमा सरकारले विषेश प्राथामिकताका साथ काम गरिरहेको बताएका छन् ।

### स्वास्थ्य परीक्षण अनिवार्य

रूपन्देही । नेपाल सरकारले १५ महिनामुनिका रहेका बालबालिकालाई नि:शुल्क खोपको व्यवस्था गरेको भए पनि रूपन्देहीको मायादेवी गाउँपालिकाले भने स्वास्थ्य परीक्षण गरेर मात्र खोप लगाउने परिपार्टीको सुरूवात गरेको छ । स्वास्थ्य शाखाले गाउँपालिकाका चारवटा स्वास्थ्य संस्थामा कार्यरत १५ जना स्वास्थ्यकर्मीलाई खोप लगाउनुपूर्व बालबालिकाको स्वास्थ्य परीक्षण अनिवार्य गर्ने गरी प्रशिक्षण प्रदान गरेको स्वास्थ्य शाखा प्रमुख भास्कर आत्रेयले बताए । नेपाल सरकारले १५ महिनामुनिका बालबालिकालाई नि: शुल्क रूपमा विभिन्न ११ प्रकारका रोगविरूद्धको खोप लगाउने गर्दछ ।


## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं । भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल



**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,**

**शिक्षा दिएर असल नागरिक बनाऔं,**

**चर्पीमा मात्र दिसापिसाब गराऔं,**

**गाउँघरलाई सफा र स्वच्छ राखौं ।**

**जलेश्वरनाथ नगरपालिका**

महोत्तरी

# संघीयता असफल बनाउन पुराना शक्तिहरू सक्रिय : श्रेष्ठ

काठमाडौं । समाजवादी पार्टीका कार्यबाहक अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठले नेपालमा संघीय व्यवस्थालाई असफल पार्न पुराना शक्तिहरू लागिपरेको बताएका छन् ।

उनले देशमा व्याप्त भ्रष्टाचार, कमिशनतन्त्र र अनियमितताका कारण देशको विकासपछि परेको बताउँदै प्रतिगामी तत्वहरूले शीर उठाउन लागेकोमा चिन्ता व्यक्त गरे ।



काठमाडौंको बनस्थलीमा भएको सङ्घीयता र विकाससम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उनले वर्तमान प्रधानमन्त्री ओली बोल्नमा शिरोमणी काममा कछुवा भएको संज्ञा दिए ।

श्रेष्ठले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी दुबै संघीयताको सन्दर्भमा दोहोरो चरित्र बोकेको पार्टी भएको आरोप लगाउँदै भने, 'सुरूमा यिनीहरूले पहिचानसहितको सङ्घीयताको कुरा गरे, आफ्नो बहुमत आएपछि त्यसलाई त्यागे । तिनीहरूले बहुलता र समावेशिताको सन्दर्भमा पनि ओठेभक्ति मात्र देखाए । यिनीहरूले अङ्गीकार गरेको लोकतान्त्रिक समाजवाद र जनवाद दुबै मौलिक रूपमा एकात्मक प्रकृतिको छ । त्यसैले ती दुवै विचारधाराहरू सङ्घीय नेपालका लागि म्याद नाघेका औषधि जस्ता छन् । तिनीहरू नेपाली राजनीतिमा असान्दर्भिक भइसके ।'

पार्टीका वैचारिक नेताको रूपमा समेत परिचित श्रेष्ठले समाजवादी पार्टीले लिएको समुन्नत सङ्घीय समाजवाद ती विचारधाराहरू भन्दा गुणात्मक रूपमै भिन्न भएको बताउँदै समाजवादी पार्टीले राज्यको लोकतान्त्रिकरणमा मात्र नभई सङ्घीयकरणमा पनि जोड दिएको बताए ।

उनले भने, 'हामीले जातीय उत्पीडनमा परेकाहरूलाई सङ्घीयता र वर्गीय उत्पीडनमा परेकाहरूलाई समाजवादको माध्यमबाट मुक्त गर्ने लक्ष्य लिएका छौं । समुन्नत सङ्घीय समाजवाद एकाइसौं शताव्दीको विश्व ज्ञान र चेतनामा आधारित नेपाली विशेषतायुक्त समाजवाद हो ।'

नयाँ युगको नेतृत्व गर्न समाजवादी पार्टी नै चाहिन्छ

नेता श्रेष्ठले भने, 'नेपाली समाज बहुलतायुक्त छ । नेपाली समाजको संरचना अनरूप ती दुबै पार्टीले पार्टी र राज्यको ढाँचा निर्माण गर्न चाहेन । त्यसैले उत्पीडित राष्ट्रियताहरू उत्पीडनमा परेका छन् । त्यसलाई सम्बोधन गर्न पार्टी र राज्य दुबैमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीकरणको आवश्यक छ । त्यसमा पुराना पार्टीहरू चुके ।' उनले जोड दिए, 'अब नेपाली काङ्ग्रेस र नेकपालाई उनीहरूले इतिहासमा गरेको कामको उच्च सम्मान गर्नु पर्छ, तर नयाँ युगको नेतृत्व गर्न समाजवादी पार्टी नै चाहिन्छ । जोत्न नसक्ने गोरूलाई लाठ्ठी हानेर हुँदैन, जुवाको काँध फेर्नु पर्छ ।'

नेता श्रेष्ठले नेपालमा उल्टो चोर कटुवाले दाँत भनेजस्तो जसले जातीय राज्य चलाए तिनीहरूले नै पहिचानसहितका सङ्घवादीहरूले जातीय सङ्घीयता चाहेको भ्रम फैलाएकोमा आक्रोश व्यक्त गर्दै भने, 'पहिचानसहितका सङ्घवादीहरूले जातीय राज्य खोजेको भन्नु महाभ्रम हो । यस्तो भ्रम फैलाउनेहरूको जन्मकुडली नै जातिवादी छ । हामीले पार्टी र राज्यको केन्द्रदेखि स्थानीय तहसम्म नै जस्तो समाज त्यस्तै पार्टी र जस्तो समाज त्यस्तै राज्य बनाउने नीति लिएका छौं । यो नीति जातीय तथा क्षेत्रीय सङ्किर्णताबाट मुक्त छ । यसले नेपाली समाजको वस्तुगत चरित्रलाई पार्टी र राज्य दुबैमा प्रतिबिम्बित गर्छ ।'

सङ्घवाद र समाजवादलाई स्वीकार गर्ने सबै दलहरूसँग पार्टी एकता हुन सक्दछ

का.वा. अध्यक्ष श्रेष्ठले देशमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक संसदको कुरा उठाउने पार्टीहरूले पार्टीमा पनि सबै तहमा अधिवेशनद्वारा प्रत्यक्ष निर्वाचित अध्यक्ष र समानुपातिक समिति हुनु पर्ने कुरालाई अङ्गीकार गर्नुपर्ने बताएको छ । देशमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुनुपर्छ भन्ने तर पार्टीमा प्रत्यक्ष निर्वाचित अध्यक्ष प्रणालीको आवश्यकता नठान्ने र त्यसरी नै देशमा पूर्ण समानुपातिक संसदको माग गर्ने तर पार्टीमा समानुपातिक प्रतिनिधित्वको कुरालाई अस्विकार गर्ने प्रवृत्ति गलत भएको बताए । उनले सबै तहका पार्टीका पदाधिकारीहरू पनि समावेशी रूपमा चयन हुनुपर्ने बताए ।

राष्टिय जनतापार्टीसँग सन्दर्भमा राखेको जिज्ञासाका सन्दर्भमा उनले भने, 'पार्टी एकताको प्रश्न भनेको पार्टीको नीति, सिद्धान्त र विचारसँग जोडिएको कुरा हो । हाम्रो पार्टीको मार्गदर्शक सिद्धान्त समुन्नत सङ्घीय समाजवाद हो । सङ्घवाद र समाजवाद यसका दुई मुख्य आधार हुन् । यस सिद्धान्तलाई स्वीकार गर्ने सबै दलहरूसँग पार्टी एकता हुन सक्दछ । राजपासँग त अहिले पनि २ नम्बर प्रदेशमासहकार्य भइरहेकै छ । सिद्धान्तमा सहमति भए छिट्टै पार्टी एकता हुन्छ ।'


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## अमेरिकामा महाकवि विद्यापतिको स्मरण

काठमाडौं । अमेरिकाको न्यूजर्सीमा मैथिली भाषाका महाकवि विद्यापतिको स्मृति समारोह मनाइएको छ । एशोसिएशन अफ तराइयन इन अमेरिकाद्वारा आयोजित कार्यक्रममा विद्यापतिका कृति र उनको देनबारे चर्चा गरिएको थियो । त्यस अवसरमा कलाकारहरूले विद्यापतिरचित गीत पनि गाएका थिए ।

## "भारतले सबै क्षेत्रमा सहयोग गर्न चाहन्छ"

काठमाडौं । नेपालका लागि भारतीय राजदूत मन्जीव सिंह पुरीले नेपालको सबै क्षेत्रमा भारत सहयोग गर्न चाहेको बताएका छन् । मंगलबार एक टेलिभिजन अन्तर्वार्तामा उनले अहिलेको अवस्थामा सबैभन्दा महत्वपूर्ण पर्यटन क्षेत्र रहेको र भिजिट नेपाल २०२० को सुरू भइरहेको अवस्थामा नेपालमा आउने पर्यटकमा पनि भारत नै एक नम्बरमा पर्ने दाबी गरेका छन् । 'तपाईंहरू पर्यटनको लागि आकर्षक विज्ञापन गर्नुहोस् । त्यो पनि व्यक्तिगत होइन, कुनै होटेल, एयरपोर्ट लगायतका ठाउँमा आकर्षक ढंगले विज्ञापन गर्नुहोस्', उनले भने, 'जसको कारणले भारतबाट नेपाल आउने पर्यटकहरू आउन सहयोग मिलोस् ।'

## भारतको नयाँ सेनापति नरवाने हुने

काठमाडौं, २ पुस । भारतमा लेफ्टिनेन्ट जनरल मनोज मुकुन्द नरवाने नयाँ सेनापति हुने भएका छन् । वर्तमान सेनापति जनरल विपिन रावतको कार्यकाल ३१ डिसेम्बरमा समाप्त हुँदैछ । नारावाने दुई वर्ष ४ महिना सेनापति रहने छन् । ५९ वर्षीय नरवाने चीन विज्ञ मानिन्छन् ।







## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय, काठमाडौं, टेकु


## स्थानीय सम्वाद

# नमूना वडा बनाउँछौं



जगरनाथ साह

वडाध्यक्ष, जनकपुरधाम उपमहानगरपालिका-६, धनुषा

म आफ्नो कार्यकालभित्र यो वडालाई एउटा नमूना वडाको रूपमा बनाएर देखाउँछु । निर्वाचनका बेला गरेका प्रतिबद्धताहरू पूरा गर्ने नै मेरो मूल उद्देश्य हो । हामीले विभिन्न किसिमका योजनाहरू छनौट गरेका छौं र सोहीअनुसार काम कारबाही अगाडि बढाइरहेका छौं ।

**० जनकपुरधाम-मा अहिलेसम्म उल्लेख्य कामहरू के-के भयो त ?**

– जनकपुरधाम एउटा ऐतिहासिक तथा धार्मिक नगरी हो । त्यो हिसावले विगतमा कुनै किसिमको काम हुन सकेको थिएन । हामी निर्वाचित भएर आएपछि जनताका धेरै अपेक्षाहरू पायौं । मैले निर्वाचत भएपछि आफ्नो वडाभित्रको समस्यालाई केन्द्रित गरेर विकास निर्माण थालेको छु । हाम्रो वडा कार्यालय थिएन, भाडामा हामी कार्यालय सञ्चालन गरेका थियौं । अहिले हामीले आफ्नै कार्यालय बनाइसक्यौं र मेयर लालकिशोर साहज्यूबाट उद्घाटन पनि गराइसकेका छौं । यस्तै, हामी जनताबाटै जनताकै लागि निर्वाचित भएका आएर हौं । त्यसैले हामीले जनताको भावना र समस्यालाई समाधानको बाटा पहिल्याउनु हाम्रो कर्तव्य हो ।

**० कस्ता योजनाहरू सञ्चालनमा छन् ?**

– वडाभित्र रहेकासडक विस्तार तथा स्तरोन्नतिलाई प्राथामिकताका साथ कार्य अगाडि बढाउँदै छौं । वडाध्यक्ष निर्वाचित भएपछि वडालाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याएर शिक्षा, स्वास्थ्य, सडक लगायतको पूर्वाधार अपरिहार्य छ । त्यसैले यस्ता विकासमा केन्द्रित भएको छु । वडाको पर्यटकीय र खेल क्षेत्रको विकासमा लागेको छु ।

**० शिक्षामा के-के सुधार भयो ?**

– विकासको मूल आधार शिक्षा हो । त्यसैले वडाको शौक्षिक क्षेत्रको सुधारमा जोड दिएको छु । शैक्षिक सुधारअन्तर्गत सामुदायिक विद्यालयमा नेपाली र अङ्ग्रेजी दुवैबाट कक्षा संचालन गरेको छु । अहिलेको चासो र विद्यार्थीको आर्कषण भएकाले प्राविधिक शिक्षामा पनि जोड दिएका छौं ।

**० मधेशमा अहिले चिसो बढेको छ, त्यसबाट बच्न के-के गर्नुभएको छ ?**

– प्रत्येक वर्षझैं यस वर्षमा चिसो बढिसकेको छ । शीतलहरबाट जनजीवन व्यापकरूपमा प्रभावित हुने गरेका छन् । त्यसका लागि हामीले विभिन्न पहलहरू थालेका छौं । हुन यहाँका सामाजिक संस्थाहरूले पनि विपन्न वर्गहरूलाई कम्बल बाँड्ने, न्यानो कपडा वितरण गर्ने, प्रशासनले दाउराको व्यवस्था गर्ने, चिया खुवाउने लगायतका कार्यक्रमहरू पनि गर्दै आएको छ । हामीले जनचेतना जगाउनेतिर लागेका छौं । चिसोबाट बच्ने उपायहरूबारे जनचेतना जगाउँछौं ।

**० जनताबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

– यहाँका जनतामा ठूलो अपेक्षा देखियो । सोहीअनुसार म वडाध्यक्ष निर्वाचित भएर आएपछि जनताको सेवामा अहोरात्र खटेको छु । जनताको सेवा सुविधामा कुनै कसर राखेको छैन । त्यसैले होला, जनताबाट मैले सकारात्मक प्रतिक्रिया पाएको छु । आफूले चुनेको जनप्रतिनिधिबाट सेवा सुविधा पाउँदा जनता खुसी नै छन् ।

**० जनप्रतिनिधिको रूपमा काम गरिरहँदा कतिको अप्ठ्याराहरू आउँछन् ?**

– करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो । यत्रो लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधि आएका छन् । विगतमा वडामा केही पनि काम भइरहेको थिएन । सानोभन्दा सानो कामका लागि पनि जनताले विभिन्न कठिनाई भोग्नुपर्ने थियो । हामी निर्वाचित आउँदा जनताको अपेक्षा धेरै ठूलो थियो । विकास निर्माण हुन नसक्दा जनताका धेरै अपेक्षाहरू छन् । तर हामीले विस्तारै जनताका सबै अपेक्षाहरू पूरा गर्दै गइरहेका छौं । जनताले हामीलाई काम गर्नका लागि पठाएका हुन्, त्यसैले अप्ठ्याराहरूलाई हामीले अवसरको रूपमा लिँदै अगाडि बढिरहेका छौं । खासै अप्ठ्याराहरू छैनन् । काम गर्ने इच्छा शक्ति भएपनि कुनै किसिमको समस्या हुँदैन ।

**० प्रतिपक्षीहरूसँग कतिको सहयोग हुन्छ ?**

– स्थानीय तह भनेको कुनै राजनीतिक अखाडा होइन, जनताका लागि काम गर्ने हो । यहाँका प्रतिपक्षीहरूले पनि हामीलाई सहयोग नै गरिरहेका छन् । सबैको सहयोगमा नै हामीले कामहरू अगाडि बढाइरहेका छौं । प्रतिपक्षी दलहरूबाट खासै असहयोग भइरहेको छैन । आफ्नै समाजमा विकास र समृद्धिका लागि सबैको आआफ्नो ठाउँबाट सहयोग गरिरहेका छन् । हामीले सबैको सल्लाह र सुझावलाई आत्मसात गर्दै कामहरू अगाडि बढाइरहेका छौं । त्यसैले यहाँ कोही पनि प्रतिपक्षी जस्तो देखिएका छैनन् । सबैको सहयोग नै पाइरहेका छौं ।

**० तपाइँ आफ्नो कार्यकालभित्र वडालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– म आफ्नो कार्यकालभित्र यो वडालाई एउटा नमूना वडाको रूपमा बनाएर देखाउँछु । निर्वाचनका बेला गरेका प्रतिबद्धताहरू पूरा गर्ने नै मेरो मूल उद्देश्य हो । हामीले विभिन्न किसिमका योजनाहरू छनौट गरेका छौं र सोहीअनुसार काम कारबाही अगाडि बढाइरहेका छौं । यहाँको शिक्षा, स्वास्थ्य, सडक नै उच्च प्राथमिकतामा राखेका छौं । शिक्षाको अवस्थालाई सुधारका लागि सम्बन्धित निकायमा ध्यानाकर्षण गराएका छौं । भौतिक पूर्वाधार निर्माणतिर पनि हामीले जोड दिइरहेका छौं । प्राथमिक स्वास्थ्यका लागि पनि केही हदसम्म सुधार भए पनि अझ प्रभावकारीरूपमा जनताको घरआँगनमै सेवा दिनेका लागि प्रयासरत छौं । बाटोघाटो निर्माणलाई पनि हामीले उत्तिकै प्राथमिकता दिएका छौं । किनभने विकासको मुख्य पूर्वाधार भनेकै सडक हो । आवतजावतको सुविधा भएपछि मात्रै जनताले विकासको अनुभूति गर्न पाउँछन् ।

## विश्व परिवेश

# पाकिस्तानमा केटाकेटीसँग अप्रत्याशित दुर्व्यवहार

**-अल्लाबक्श**

पाकिस्तानको पेजबास्थित असुर जिल्लामा केही साता अघि थियो भने अहिले रावलपिण्डीमा केटाकेटीसाथ दुव्यर्वहार बढ्दै गएको छ । पितृसत्तात्मक समाजमा बालदुव्यर्वहार समग्रमा स्वाभाविक छ भने विगतमा गुप्तरूपमा थुप्रै मानिसले निर्दोष, सीधा-सादा असंदिग्ध बच्चाहरूको सुरक्षा चुनौतीको कुरा बढ्दै गएको देखिएको छ । गत वर्ष ३,८०० भन्दा बढी केटाकेटीहरूसँग दुव्यर्वहार भएको थियो भने संचार माध्यमहरूको प्रतिवेदनहरूले जनाए अनुसार २०१९ पहिलो आधा अवधिमा १३०० मुद्दाहरू प्रतिवेदन मार्फत सार्वजनिक हुन आएको छ । सबभन्दा पछिल्लो घटना अनुसार प्रहरीले सांहेल अयाज भन्नेलाई पाकिस्तानमा ३० वटा केटाकेटीहरूसंग दुव्यर्वहार गरेको आरोपमा गिरफ्तार गरेको थियो । अनुसन्धान अनुसार इटली र ब्रिटेनमा केटा-केटीहरूसंग दुव्यर्वहार गरेको आरोप थुनामा राखेपछि त्याहांबाट लेखिएको थियो । मिडिया र सहिल भन्ने कार्यरत रहेको दुई गैरसरकारी संस्थाले त्यस्ताहरूलाई प्रहरीले कारबाई नगरेर छाडी दिएको थियो । 'पाकिस्तान टुडे' ले शेष प्रकट गर्दै-“हामी सबै अपराधी भन्न सकिने छौं” भनेकोछ भने जनताले “त्यसलाई फाँसी देउ” माग गरेको छ । तर प्रहरी अनुसन्धान र न्यायपालिकाले आ-आफ्नो प्रक्रिया अनुरूप त्यस सम्बन्धमा निर्णय गर्ने गरेको छ । पहिला केटा-केटीहरू बेपत्ता पारिन्छ र प्रहरी एस.ओ.एस. ले बेपत्ता पारिएका केटाकेटीहरूको फोटो तथा अन्य विवरणहरू साथ आ-आफ्नो विवरण सुनाउँछन । सबभन्दा पछिल्लो घटना अनुसार ११ वर्षीय एक बच्चाले उसलाई अपहरण गरेर उसंग दुई महीनासम्म यौन दुव्यर्वहार गरिएको शिकायत गरेको थियो । समाजका हरेक समुदायका केटा-केटीहरू पिडीत रहेकाछन । आमा-बुवाले “परिवार प्रतिष्ठा” समाप्त हुने भयले खबर दिने गरेको छैन । यदि तिनीहरूले खबर गर्छन भने न्याय पाउन सिलसिलामा खर्चिलो अनुसन्धान र



अदालतको प्रक्रियाको अन्तसम्ममा आफ्नो काम गुमाउनु का साथै बच्चाहरूलाई समेत विद्यालयबाट अलग्याउनु पर्दछ । सितम्बरको कसुरको घटना सम्बन्धमा 'अल जजीरा टेलिभिजन' ले दुई वर्ष पछि सन् २०१७ मा चिरकालिक बाल दुव्यर्वहार मुद्दा कानून बनाईएको थियो भन्ने आफ्नो प्रतिवेदनमा उल्लेख गर्नुका साथै कतारस्थित टेलिभिजनहरूले-“पाकिस्तानको कासुरमा बच्चाहरूसाथ बलात्कार र त्यस पछि हत्या गर्ने कुरो निर्वाधतरूपमा निरन्तर हुँदै आएको” खुलश्त पारेको थियो । कासुर जिल्लाको चुन्यिान गाउँका एक नौ वर्षीय बच्चा मस्जिदमा प्रार्थन ागर्न गएको थियो, जो फर्केर नै आएन ? अर्को दिन विहान एक स्थानीय ड्राइभरले केही किलोमीटर टाढाको एक बाँझो खेतमा त्यस बच्चाको मृत शरीर फेला पारेको थियो । पंजाब राज्यको उत्तरी क्षेत्रमा चार जना बच्चाहरूलाई अपहरण पश्चात् मारिएको यो चौथो घटना थियो । फैजानको मृत शरीरको चारैतिर प्रहरीले केही मानवअंगकोअवशेष र हड्डीहरू फेला पारेको थियो, जो तीनवटा केटाहरूलाई त्यस भन्दा अघि नै अपहरण पश्चात बलत्कार गरी यस वर्षकै जूनदेखि सेप्टेम्बरको अवधिमा हत्या गरिएको थियो । जनवरी, २०१८ मा कासुर जिल्ला नै सातर वर्षीया केटी जैनन अन्सारीको बलत्कार पश्चात् हत्या गर्ने कुख्यात स्थल बन्न पुगेको थियो । उसको हत्यारा रिक्साचालक शाहजाद ले हत्या गरेको स्वीकारेको थियो । उसले १०० रूपया दिएर बच्चाहरूलाई अपहरण गर्ने र बलात्कार पश्चात् मार्ने गरेको सावित बयान प्रहरी समक्ष दिएको थियो । त्यस प्रकृतिका दुर्घटनामा भेटिएका बच्चाहरू६ वर्ष देखि १५ वर्षसम्मका थिए भने केटीहरूमध्य अबोध बालिका देखि लिएर १६ देखि १८ वर्षका थिए । साहिल को कार्यकारी निर्देशिका मनीजेह बानोले-“हाम्रा कानूनहरू निश्चत रूपले बलम अपराधीहरूमाथि काखाई गर्न काफी बलियो भए पनि त्यसलाई कार्यान्वयन गर्नु नै समस्यामूलक रहेको” बतामएकी छिन । जैनब अन्सारीको मृत शरीर कासुर जिल्लाको मुख्य शहरको देखिने खाल्डोमा पाईएको थियो, पुलिसले बलत्कार पछि उसको हत्या गरीएको बताएको थियो र उसको हत्यारा स्थानीय इम्रान अलीलाई, देशव्यापी स्तरको उसको अपराधविरूद्धको सजायको प्रदर्शन पश्चात् पनि गिरफ्तार गरेर उच्चस्तरको अपराधमा फाँसी दिइएको थियो ।

मानिसहरू यहाँ भन्थे कि यौन दुव्यर्वहार र आक्रमण भन्ने घटना कासुरका लागि “आम कुरा हो र बाल्यकालका लागि एक सही प्रक्रिया जस्तै हो ।” कासुरका थुप्रै विद्यालयका संचालक वकास खानले भनेको थियो-“गल्तीमा क्रिकेट खेल्नु अथवा खेल मैदानमा जानुको अर्थ जेठो केटोद्वारा दुव्यर्वहार हुनु हो । उसले भनेको थियो कि ठूलो एक बच्चाको साथ दुव्यर्वहार- यो एक हास्यास्पद कुरा हो । “निवासीहरूले भनेका थिए सामाजिक प्रतिक्रिया प्राय: भिन्न हुने गर्दछ जब त्यो बच्चाको दुव्यर्वहारसंग सम्बन्धित हुन्छ, जब एक केटीसाथ दुव्यर्वहार हुन्छ-त्यसलाई अपराध सम्झिन्छ तर केटाको लागि त्यो राम्रो हास्य प्रसंग हुन्छ, समुदायका सदस्यहरूले भनेका थिए ।” 'डान' समाचारयन्त्रले आफ्नो नोभेम्बर १५,२०१९ को सम्पादकीयमा भनेको बारे लेखेको थियो-“यस्ता घटनाहरूले देशमा हुने बच्चाहरूसाथको यौन दुव्यर्वहारले सामाजिक गुप्ताको सम्बन्धी स्थितिलाई प्रदार्शित गर्दछ ।” जानकारीमा आएका घटनाहरू मात्र खुलश्त हुनाले अनगिनत माता-पिताहरू प्रहरीमा मुद्दा दर्ता गर्नबाट हिच्किचाउँछन ।” पत्रिकाले प्रहरी दृष्टिकोण बारे एक विशेष मुद्दा सम्बन्धमा भनेको थियो-“इस्लामावादलाई कस्ले बिर्सन सक्छ, जसमा मे महीना उसले आफ्नो १० वर्षीय छोरी गुमाएको परिवारलाई- 'उ आफै भागेर गएकी होली ?', प्रतिक्रिया दिएको थियो ? अन्तमा, पत्रिकाले खेद यस प्रकार व्यक्त गरेको छ-“हामी एक समाजका रूपमा हाम्रा बच्चाहरूको असफलतालाई निरन्तरता दिन चाहान्छौ । जबसम्म हाम्रा भित्रमा पीडालाई हामी आत्मसात गरेर त्यसको मर्म बुझ्दैनौं तबसम्म हामी यस्तै गरी रहने छौं ।”

## पत्रपत्रिकाबाट...

# बौद्ध धर्मावलम्बीलाई दबाउने चिनियाँ नीति

तिब्बती बौद्ध धर्मावलम्वीहरूलाई लामो समयदेखि दबाउँदै आएको कम्युनिष्ट चीनले सिञ्जियांग प्रान्तका लाखौं उइगुर मुश्लिमहरूमाथि समेत दमन-चक्र चलाएको प्रति नेपाल रिपब्लिक पार्टी तीव्र आक्रोश व्यक्त गर्दछ । कम्युनिष्ट विचारधाराप्रति असहमतहरूलाई भौतिक रूपमा समाप्त पार्न रत्तिभर नहिचकिचाउने चीनले बौद्ध र मुश्लिमहरूप्रति देखाएको आततायी व्यवहारले प्रजातन्त्र, मानवअधिकार, धार्मिक र अभिव्यक्तिको स्वतन्त्रताविरोधी असभ्य एवं सर्वसत्तावादी चरित्र फेरि एकपटक उदांगो पारेको हाम्रो ठहर छ । दलाई लामाको अवतार घोषणा गर्नेजस्तो तिब्बती जनताको नितान्त धार्मिक मामिलामा समेत हस्तक्षेप गर्न खोज्ने चीनको दुष्प्रयास सर्वथा अक्षम्य रहेको छ ।

यसैक्रममा हङकङको प्रजातन्त्र, स्वायत्तता र मानवअधिकारको आन्दोलनलाई दमनका भरमा समाप्त पार्ने चिनियाँ कम्युनिष्ट सरकारको कुटिल नियतका विरूद्ध अमेरिका-युकेलगायत समग्र प्रजातन्त्रवादी विश्व समुदाय एकमत बन्दै आएको कुरा जति स्वागतयोग्य छ, उनीहरूलाई चेतावनी दिने चीनको दुस्साहस उत्तिकै भर्त्सनायोग्य रहेको छ । अमेरिकन राष्ट्रपति डोनाल्ड ट्रम्पले 'द हङ्गकङ्ग ह्युमन राईट्स एण्ड डेमोक्रेसी एक्ट' लाई मञ्जुरी दिनुभएको छ । यस एक्टमुताविक अमेरिकाले यसको वार्षिक समीक्षा गर्छ कि चिनसित हङ्गकङ्गको स्वायतता बनिरहोस् ।यस कदमको नेपाल रिपब्लिक पार्टी स्वागत गर्दछ र डोनाल ट्रम्पलाई धन्यवाद दिन चाहन्छ । हङ्गकङ्गको स्वायत्तता आन्दोलनलाई नेपाली जनताको पूर्णसमर्थन र ऐक्यबद्धता सदैव रहिरहन्छ । नेपाली मूलका हङ्गकङ्ग नागरिकप्रतिको सुरक्षालाई लिएर चिन्तित पनि छौं । नेपाल रिपब्लिक पार्टी चीनले तिखार्न थालेका दाह्रा-नंग्रा भाँचेर चीनलाई उसको थान्कोमा पुऱ्याउन र चीनमा प्रजातन्त्र, धार्मिक स्वतन्त्रता, मानवअधिकार र अभिव्यक्तिको स्वतन्त्रता बहल गराउन समग्र प्रजातान्त्रिक विश्व समुदायलाई हार्दिक अपिल गर्दछ । चीनको विक्षिप्त महत्वाकांक्षा र सर्वसत्तावादी आकांक्षालाई समयमै तह लगाइएन भने यो समग्र विश्व र मानव सभ्यताकै निम्ति खतरनाक सावित हुनसक्छ भनने कुरा सबैले बुझेकै हुनुपर्छ । विभिन्न आवरणमा नेपालमा आफ्नो पञ्जा फैलाउने र बौद्ध धर्मका नाममा बौद्ध धर्म-संस्कृतिलाई नै विकृत बनाउने काममा कम्युनिष्ट चीन प्रत्यक्ष र त्यसभन्दा बढी परोक्षरूपमा आक्रामक तवरले सक्रिय हुन थालेको प्रति समेत नेपाल रिपब्लिक पार्टी तीव्र आक्रोश व्यक्त गर्दछ । विविध आवरणमा नेपाललाई आफ्नो प्रभाव क्षेत्र बनाउने र चलखेल गर्ने यस्तो दुस्साहस तत्काल बन्द गर्न हाम्रो पार्टी प्रजातन्त्रप्रेमी नेपाली जनताका तर्फबाट कम्युनिष्ट चीनलाई चेतावनी दिन चाहन्छ । सानो राष्ट्र भनेर नेपाललाई हेप्न र हाल हाम्रो देशमा सत्तारूढ कम्युनिष्ट पार्टीको भरमा नेपालमा चलखेल गर्न सपना चीनले नदेखे हुन्छ । नेपाली जनताले उसको त्यो आकांक्षा कहिल्यै पूरा हुन दिने छैनन् । *-राष्ट्रवाणी राष्ट्रिय साप्ताहिक*

# सीमा विवाद : सरकारको कुटनीतिक असक्षमता !

काठमाडौं । भारतसँगको सम्बन्ध बन्छ कि बिग्रन्छ पत्तो छैन । तर जुन किसिमले केपी शर्मा ओली नेतृत्वको सरकारले कूटनीतिक पहल गरेर सीमाको समस्या समाधान गर्नु पर्ने थियो त्यसमा पहल नगर्दा भने सम्बन्ध बिग्रने खतरा छ । केही महिनादेखि नेपाल यही कालापानी, लिपुलेक र लिम्पियाधुराको समस्या अल्झिरहेको छ ।

तर सरकारले एक पटक पनि कूटनीतिक पहलका लागि भारतसंग कुराकानी गरेको छैन । बाहिर बाहिर भने निकै आरोप प्रत्यारोप चलिरहेको छ । भारतले यसबारेमा केही पनि बोलेको छैन । नेपालभित्र भने सरकारका मन्त्रीहरूदेखि नेताहरूसम्म आलोकाचो प्रतिक्रिया दिइरहेको छन् । गृहमन्त्री राम बहादुर थापा बादलले त मुढभेड गर्ने नीति नै अंगीकार गरेको छन् । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा बोल्दै बादलले भारतले ३ सय ७२ किलोमिटर सीमा मिचेको बताउँदै सीमा जोगाउन सशस्त्र प्रहरी खटाउने बताएका छन् । उनले भारतसँगको १८०० किलोमिटर खुला सीमा सुरक्षाका लागि ३७ हजार सशस्त्र प्रहरी खटिए पनि यो पर्याप्त नभएको बताएका छन् । भारतले सीमामा थप सुरक्षाकर्मी थप गरिएको त्यसका पनि गोर्खा राइफल्सलाई खटाइएको भन्दै नेपालले पनि सुरक्षा बल विस्तार गर्ने योजना बनाएको बताए ।

'भारतले हरेक किलोमिटरमा सुरक्षा बल तैनाथ गरेको छ । हाम्रो २५-३० किलोमिटरको दूरीमा छ,' उनले भने, 'हामी ७० वटा नयाँ पोस्ट राख्दछौं ।' संसदीय समितिमा कालापानी क्षेत्रमा भारतले सीमा मिचेको र हालै जारी गरेको नयाँ नक्साबारे छलफल गर्न शुक्रबार गृहमन्त्री बादल र भूमि सुधार मन्त्री पद्मा अर्याल उपस्थित भएका थिए । गृहमन्त्री बादलले सन् १९६२ को भारत-चीन युद्धपछि झन्डै ४ सय किलोमिटर नेपाली क्षेत्र मिचेको बताए ।' उनीहरूले अहिले जारी गरेको नक्सामा हाम्रो भूमि मिचेर तयसमा पारिएको भन्नेमा सरकार स्पष्ट छ,' उनले भने । समिति बैठकमा बोल्दै मन्त्री अर्यालले सीमा मिचिएकोबारे भारतसँग प्रधानमन्त्रीस्तरमा वार्ता गर्न सरकार तयार रहेको बताइन् ।

उनले आफ्नो भूमि फिर्ता ल्याउन सरकार तत्पर रहेको पनि बताइन् । 'आफ्नो नक्सा प्रकाशित गर्ने हैसियत विगतमा हामीले बनाएनौं । भारतले नै प्रकाशित गऱ्यो,' उनले भनिन् । उनले लिम्पियाधुरा नेपालको भूमि हो भन्ने प्रमाण जुटिसकेको बताइन् । यसका लागि २०१५ सालमा तिरो तिरेको र २०१८ सालमा जनगणना गरेको प्रमाण भएको पनि उनले समितिमा बताइन् । भारतले गरेको सीमा अतिक्रमणको विषयलाई लिएर सत्ताधारी नेकपाकै सांसदहरूले पनि संसदीय समितिमा सरकारको आलोचना गरेका छन् । सीमा अतिक्रमणलाई लिएर भारतसँग उच्चस्तरीय वार्ता गर्न तत्परता नदेखाएको भन्दै उनीहरूले आलोचना गरेका हुन् ।

स्थायी कमिटि सदस्य एवं पूर्व रक्षामन्त्री भीम रावलले नेपालको नक्सामा लिम्पियाधुरा राख्ने विषयमा नापी विभागले आनाकानी गरेको भनदै असन्तुष्टि जनाए । 'हाम्रो भूमि नक्सामा राख्न नापी विभागलाई केले रोक्यो ? भारतले वा वार्ताले ?,' उनले प्रश्न गरे, 'सरकारलाई पार्टी, जनता र प्रतिपक्षीले साथ दिइरहेको बेला नक्सा छाप्न केले रोक्यो ?' उनले लिम्पियाधुरा यता आएका भारतीय सेना हटाउने विषयमा भारतले पटक पटक अस्वीकार गरिरहेको भन्दै आफ्नो पार्टी नेतृत्वको सरकारको आलोचना गरेका छन् ।

विशेषदूत पठाउने र नपठाउने भन्ने विषयले प्रतिकूल प्रभाव पार्ने भन्दै नेता रावलले मन्त्री एक कुरा गर्ने, सरकारको दल अर्को भनिरहेको भन्दै असन्तुष्टि पारे । भारतले अतिक्रमण गरेको सबै भूभागलाई एकैपटक नेपालले फिर्ता गर्नुपर्ने उनको भनाइ छ । नेता रावलले सीमाबारे चीन र भारतसँग छलफल गर्ने भनेर टोली गठन गरेको भनिए पनि काम नभएकोमा ओली सरकारप्रति आक्रोश पारे । अर्का नेकपा नेता अग्नि सापकोटाले भारतले सोचीसम्झी सीमा मिचेको उल्लेख गर्दै नेपाल सरकारका प्रवक्ताले भइहाल्छ भन्दा उदेक लाग्ने गरेको बताए । सीमा विवाद सामान्य नरहेको भन्दै सांसद सापकोटाले संविधानमा भएको नक्सा नै त्रुटिपूर्ण रहेको बताए । यी कुराहरू सुनेका मन्त्री बादलले भने भारतले दशकौं पहिलो नेपाली भूभाग मिचेको र त्यो फिर्ता ल्याउन समय लाग्ने बताए ।

बादलले आफूले केही गर्न नसक्ने र दोष जती राजा महेन्द्रदेखि कांग्रेसको सरकारसम्मलाई दिएर चोखिने प्रयास गरिरहेका छन् । तर त्यती भनेर उनी उम्कन पाउँछन् । नरेन्द्र मोदीलाई दाइ र आफूलाई भाइ भन्न रूचाउने ओलीले यसलाई समाधान नगरी चुप लागेर बस्नु फोस्रो राष्ट्रवादको ढोङ्गमात्रै हो । एक स्रोत भन्छ - सीमामा सुरक्षाकर्मी पठाएर भारतसंग लड्ने हैसियत त नेपालसंग छैन । सरकारले आक्रोश देखाउने हैन संयमित भएर कूटनीतिक पहल गर्नुपर्छ ।

अनुभव भएकाले नेम्बाङको नाम अघि सारिएको हो । निवर्तमान सभामुख कृष्णबहादुर महराले संसद् सचिवालयमा कार्यरत महिला कर्मचारी रोशनी शाहीलाई यौन दुर्व्यवहार गरेको आरोप लागेपछि राजीनामा दिएका थिए । उनी काठमाडौं जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन् ।

उनी फर्कने सम्भावनाको आशा राख्दै नेकपाले हिउँदे अधिवेशन बोलाउन हच्किएको थियो । तर अब कुनै पनि विकल्प नभएपछि वाध्य भएर छिट्टै बोलाएको हो । अब कसले बाजी मार्ला त्यो हेर्न छ । यदि नेम्वाङ सभामुख भए भने उपसभामुखमा विपक्षी काँग्रेसदेखि सत्तासीन समाजवादी पार्टी नेपाल वा राष्ट्रिय जनता पार्टी राजपालाई अवसर मिल्नेछ । तर संविधानका अनुसार पुरूष सभामुख भए उपसभामुख दोस्रो दलको र महिला हुनुपर्नेछ । यो अवस्थामा काँग्रेस, समाजवादी वा राजपाकी एक महिलाको भाग्य खुल्नेछ ।

-जनभावना साप्ताहिक

## जिल्ला समाचार

### युपीका मुख्यमन्त्रीलाई निम्तो

नेपालगञ्ज । नेपाल भ्रमण वर्ष २०२० का लागि भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई निमन्त्रणा दिन जाने तयारी भएको छ । बाँके जिल्ला स्तरीय पर्यटन प्रवर्द्धन समितिका संयोजक एवम् जिल्ला समन्वय समितिका संयोजक अजय श्रीवास्तवका अनुसार युपीका मुख्यमन्त्री योगीलाई नेपालगञ्जको बागेश्वरीदेखि स्वर्गद्वारीसम्म भ्रमण गराउने तयारी भइरहेको छ । मुख्यमन्त्री हुनुअघि योगी नेपालगञ्ज आइरहनु हुन्थ्यो । बागेश्वरी मन्दिरप्रति उनको विशेष लगाव छ । नेपालबाट युपीमा जाने जुनसुकै टोलीलाई मुख्यमन्त्री योगीले बागेश्वरी मन्दिरको चर्चा गर्ने गर्दै आएका छन् । भ्रमण वर्षमा भारतीय पर्यटक बढाउन बाँकेबाट एउटा टोली भारतीय शहरमा निम्तो दिन थालेको हो । संयोजक श्रीवास्तव संयोजकत्वमा रहेको समितिले लखनऊलगायतका शहरमा गएर नेपाल भ्रमणमा वर्षमा नेपाल घुम्न आइदिन आग्रह गर्दै 'विशेष प्याकेज' का बारेमा जानकारी गराउने तयारी पनि गरेको हो ।

### रौतहटका होटल बालश्रम

रूपेन्द्र पटेल, रौतहट । जिल्लाका विभिन्न होटलमा बालश्रमका विषयमा हुने कार्यक्रममा चिया लिएर बालकहरू नै पुग्ने गरेका छन् । तर पनि त्यसतर्फ डलर खेती गर्नेको ध्यान जान सकेको छैन । बरू ती बालकहरूलाई नै उनीहरूले विभिन्न काममा लगाउने गरेका छन् । विभिन्न दातृ निकायको सहयोगमा केही दिन पहिला चन्द्रपुर नगरपालिकामा भएको बालश्रम सम्बन्धी कार्यक्रममा चिया पुऱ्याउने काममा १२ वर्ष मुनीका बालबालिकाको उपस्थिति रहेको थियो । रौतहटको विभिन्न होटेल तथा निर्माण सेवाको कार्यहरूमा बालबालिकाहरू प्रयोग भइरहेको भएपनि त्यसतर्फ सम्बन्धीत निकायले चासो दिएको पाइदैन । यस विषयमा बाल अधिकारकर्मी मौन रहेको जनकारहरूले बताएका छन् । जिल्लामा बालबालिकाहरू होटेलमा श्रम गरिरहेको पाइएका छन् । जुन होटलमा बाल श्रमका बिषयमा कुरा हुन्छ तेही होटलमा बढी बालश्रम हुने गरेको जानकारहरूको भनाइ रहेको छ । होटेलका सञ्चालकहरू गरिव घरपरिवारका ५ वर्षदेखि माथी उमेरका बालबालिकाहरूलाई काममा खटाइरहेका छन् । गरिबीको फाइदा उठाउँदै होटेल र निर्माण कम्पनीका सञ्चालकहरू पढने उमेरका बालबालिकालाई काममा लगाइ बालश्रम गराइरहेका पाइन्छ । होटल तथा निर्माण कम्पनि सञ्चालकहरूले श्रमिक वापतको तलव र सेवा सुविधा समेत नदिइ आफ्नो मनोमानी तरिकाले बालबालिकालाई श्रम गराई रहेका उनीहरूको भनाइ रहेको छ । यता चन्द्रनिगाहपुरमा बस पार्कमा रहेका होटेल संचालकहरूले बाल श्रम गराउने गरेको पाईन्छ । बाल श्रम गराउनेहरूलाई अहिले सम्म कुनै किसिमको कार्वही हुन सकेको छैनन् ।

### महोत्सवले बढायो व्यापार

धनगढी । सुदूरपश्चिम महोत्सव सञ्चालन भइरहेको छ । महोत्सव व्यापारीका लागि व्यापार गर्ने राम्रो थलो बनेको छ । १० दिनसम्म लाग्ने महोत्सवमा विभिन्न व्यावसायीले महिनौ नभएको व्यापार १० दिनमा गर्ने गरेका छन् । 'बाहिर ३ महिनामा भएको व्यापार महोत्सवमा १० दिनमा हुने गरेको छ', महोत्सवमा नास्ता पसल सञ्चालन गरेका जीवन लामेछानेले भने 'यसले गर्दा व्यापारीका लागि राहत भएको छ'यसले गर्दा व्यापारीका लागि राहत भएको छ ।' किसानदखि व्यापारी एउटै छानोमा अटाउने वातावरण कैलाली उद्योग वाणिज्य संघले जुटाइदिएपछि सुदूरपश्चिम महोत्सवमा काठमाडौंबाट समेत व्यापार गर्न धनगढी पुग्ने गरेका छन् ।

### विराटनगरमा जुत्ता चप्पल मेला

विराटनगर । स्वादेशी जुत्ता चप्पल प्रवर्द्धन गर्ने उदेश्यले विराटनगरमा सोमबारबाट जुत्ता -चप्पल व्यापार मेला सुरू भएको छ । 'स्वादेशी वस्तुको प्रवर्द्धन हाम्रो अभियान' भन्ने नारासहित नेपाली जुत्ता घरले आयोजना गरेको सो मेलामा १५ देखि ६० प्रतिशतसम्मा छुटेको अवस्था गरिएको आयोजकले जनाएको छ । व्यापार मेलाअर्न्तगत रहेको कार्यक्रममा प्रदेश १ का पर्यटन , उधोग , वन तथा वानावरणमन्त्री जगदीश कुसियतले स्वदेशी उधोगी स्थापना र प्रवर्द्धन गर्न प्रदेश सरकारले विशेष गृहकार्य गरिरहेको बताए ।

### ट्याक्टरको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । घोडाघोडी नगरपालिका-१० मुर्गवास्थित सडकमा से.१ त ४९२६ नम्बरको ट्याक्टरले ठक्कर दिँदा साईकलयात्री डोटी जोरायल गाउँपालिका-४ घर भई कैलाली घोडाघोडी नगरपालिका-११ बस्ने चन्द्र बहादुर थापाको १३ वर्षीय छोरा बिशाल बलामिको घटनास्थलमै मृत्यु भएको छ । हाल फरार रहेका ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### विरामीको नि:शुल्क अपरेशन

वीरगन्ज । मोतियाविन्द रोग निर्मूल पार्ने अभियानमा वीरगन्ज महानगरपालिका जुटेको छ । पर्सा जिल्लामा रहेका आँखा रोगिको नि:शुल्क उपचार शिबिर अभियानै चलाई वीरगन्ज महानगरपालिकाले सुरू गरेको हो । मेयर कल्याणकारी कोषको आर्थिक सहयोग रमातृका आइ फाउण्डेसनको सहकार्यमा जिल्लाको विभिन्न स्थानिय तहमा स्वास्थ्य सिरिवको आयोजना गरी मोतिविन्दू रोगबाट ग्रसित रहेका विरामीको पहिचान गर्दै निशुल्क उपचार कार्यक्रमलाई अगाडि बढाइएको हो । जिल्लाको विभिन्न स्थानमा आयोजना गरिएका स्वास्थ्य सिविरमा पाँच हजार भन्दा बढी महिला तथा पूरूषको परिक्षण गर्दा एक हजार भन्दा बढी मोतिविन्दू रोगका विरामी फेला परेको महानगरपालिकाले जनाएको छ । फेला परेका विरामीहरू मध्येपाँच सय ३६ जनाकोमंगलबार सम्मफेको पद्यतिबाट आँखा शल्यकृया सम्पन्न भएको वीरगन्ज महानगरपालिकाका नगर प्रमुख बिजय कुमार सरावगीले जानकारी दिए ।

### घाइतेको उपचार खर्च र मृतक परिवारलाई क्षतिपूर्ति दिइने

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले धनुषाको क्षिरेश्वरनाथ न पा ५ महेन्द्रनगर मा शुक्रबार राती भएको बम विस्फोट घटनाको पीडित परिवारलाई भेटेका छन् । आइतबार बिहानै टोलीसहित घटना स्थल पुगेका मुख्यमन्त्री राउतले घाइतेहरूको सम्पूर्ण उपचार खर्च प्रदेश सरकारले ब्यहोर्ने र मृतक परिवारलाई प्रति मृतक राहत समेत उपलब्ध गराउने बताए । मृतक परिवारलाई उपलब्ध गराइने रकमबारे आउँदो मन्त्रिपरिषद्को बैठकबाट निर्णय गरिने बताए । टोलिमा प्रदेश सभाका सभामुख सरोज यादव, प्रमुख सचेतक शैलेन्द्र यादव, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, प्रदेशसभा सद्स्य सिघासन सा कलबारसहितको सहभागिता रहेको थियो । बम बिस्फोटको घटनामा परि प्रहरी निरीक्षक सहित ३ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन् । घाइतेहरूको उपचार धरानमा भैरहेको छ ।

### आवधिक विकास योजना तर्जुमा गोष्ठी

वीरगन्ज । वीरगन्ज महानगपाललिकाको पूर्वधार विकासका लागि योजना तर्जुमा सम्पन्न भएको छ । प्रदेश नं. २ मा रहेको एक मात्र वीरगन्ज महानगरपालिकाको पाँच वर्ष भित्र गरिने पूर्वाधार विकासका लागि योजना तर्जुमा गरिएको हो । महानगरपालिकाले आइतबार वीरगन्जमा दुई दिने “आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी”को आयोजना गरी विकास निर्माण सम्बन्धि योजना तर्जुमा थालिएको थियो । महानगरका नगर प्रमुख बिजय कुमार सरावगीको अध्यक्षतामा भएको कार्यशाला कार्यक्रमको उदेश्यबारे महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत उमेत बस्नेतले जानकारी गराएका थिए ।

### नियन्त्रित लागूऔषध सहित पक्राउ

नेपालगन्ज । उदयपुर जिल्लाको चौदण्ढीगढी नगरपालिका-४ नारदमुनी चोकबाट नियन्त्रित लागूऔषध फेनारगन १० एम्पुल, बुप्रिनोर्फिन १० एम्पुल, डाइजेपाम १० एम्पुल, नगद ५ हजार ५० रूपैयाँ र करलेस फोन १ थान सहित चौदण्डीगढी नगरपालिका-६ स्कुल डाँडा बस्ने ३१ वर्षीय सुरज राईलाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बसाहबाट खटिएको प्रहरीले शंका लागि जाँच गर्ने क्रममा लुकाइछिपाई ल्याउँदै गरेको उक्त लागूऔषध सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### बलेरो जिप बरामद

रौतहट । रौतहट जिल्लाको बौधिमाई नगरपालिका ७ स्थित बंकुलबाट एपीएफ टोलीले करिव ३२ लाख रूपैया बराबरको दुईवटा बलेरो जिप बरामद गरेको छ । बी आर ३० ए ०३६८ र बी आर २५ ए ७७३१ नम्वरको बलेरो जिप स्थानीय बंकुलबाट बारातर्फ जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट सरमझुवाबाट खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा कागजपत्र फेला नपरेपछि उक्त बलेरो बरामद गरिएको हो । एपीएफ टोलीले बरामद भएको दुवै बलेरो भन्सार कार्यालय गौरमा बुझाएको छ ।

कला / साहित्य

कमल मण्डल

# आवाजको जादुगर गायक रिजवान खान



सप्तरी जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका लौनियाँ-२ मा २४ वर्षअघि जन्मिएका रिजवान खान पत्रकारितामा स्नातक गरी एम.ए.का विधार्थी हुन् । सानैदेखि गीत(संगीतमा रूची राख्ने खान इल्हाबाद संगीत विश्वविध्यालय भारतमा स्नाताक छैटो वर्षमा अध्ययनरत छन् । यसैगरी पुतलीसडकस्थित गुरूकुल संगीत पाठशालामा मिथिला रत्न गुरूदेव कामतबाट संगीत सिकिरहेका छन् । नेपाली, हिन्दी, मैथिली, भोजपुरी, उर्दु, पंजावी भाषामा गीत गाउने खानले 'पूर्णिमाको जून बनी...'बोलको पहिलो नेपाली गीतबाट वेस्ट डेब्यु प्लेब्याक सिंगरको उपाधि रास्ट्रपति डा. रामवरण यादवको हातबाट जित्न सफल भएका छन् भने खानको पहिलो मैथिली भाषाको गीत 'सबस सुन्दर अपन गाम' भने गीत बजारमा खुब चर्चा पाइरहेको छ । भविष्यमा आफू एक सफल सर्जक बन्ने उद्देश्य लिएका खान मो. रफी, उदितनारायण र नारायण गोपाललाई प्रेरणाको श्रोत मान्छन् । गीत गाउन, गजल, गीत लेखन उनको रूचिको विषय भएको बताउँछन् । विगत सात वर्षदेखि संगीत साधनामा लागेका खानले १० वटा गीत गाइसकेका छन् । खानले विभिन्न भाषा र फरक-फरक किसिम्मको गीत गाउने हुनाले चलचित्रकर्मीहरूले भर्सटाइल सिंगरको संज्ञा दिएका छन् । खानले नेपाली गीत 'हिम चुलीमा हिउँ झर्यो फरर..', मैथिली र नेपाली मिक्स गीत 'आई लभ्यु कहै छि आहा के', मैथिली गीत 'काला चस्मा लगाक', 'नथियाबाली', 'आहा के सजनी यादमे' 'कोनाक छोरलौ हमर साथ', हिन्दी गीत 'तु मानेया न माने हम तेरे है दिवाने' लगायत गीतहरू चाडैं बजारमा आउन लागेको जानकारी गराए । नेपाली गीत संगीतलाई विश्वस्तरमा पुर्याउने सोचका साथ अघि बढिरहेका छन् । मिठो स्वरका धनी र हेर्दा आकर्षक जिउडाल भएका खान, युवतीहरूको पहिलो रोजाईमा पर्ने गायक हुन् ।

# "सीमा विवाद कुटनीतिक माध्यमबाट समाधान गर्न सरकार प्रतिबद्ध"

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-भारतबीचको सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

उनले सीमा विवादका विषयमा सर्वोच्च अदालतमा बुझाएको लिखित जवाफमा भनेका छन्, "नेपालको सिमानाको रक्षा तथा नेपालको भूभागको संरक्षणका लागि आवश्यक काम कारवाही भइरहेको र कूटनीतिक माध्यमबाट समाधान हुने विषयमा सम्मानित अदालतबाट कुनै आदेश जारी हुनुपर्ने नहुँदा रिट निवेदन खारेजभागी छ ।" उनले कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत नेपाली भूभाग फिर्ता ल्याउन आदेशको माग गर्दै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले दायर गरेका रिट निवेदनउपर त्यस्तो जवाफ पठाएका हुन् ।

जवाफमा नेपाल राज्यको सीमा सुरक्षार्थ सशस्त्र प्रहरी बलको एकाइलाई सीमावर्ती क्षेत्रमा आवश्यकताअनुसार परिचालन गर्नाका साथै नेपालको सीमाको रक्षा तथा सुरक्षाका विषयमा समयसमयमा आवश्यक कार्यहरू भइरहेको उल्लेख छ । नेपाल-भारतको सीमाका समस्या समाधान हुने कुरामा सरकार विश्वस्त रहेकोसमेत उल्लेख छ ।

नेपाल-भारत दुई मित्रराष्ट्रबीचको सीमासम्बन्धी समस्याको समाधान ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने मान्यतामा सरकार दृढ रहेको र परराष्ट्र मन्त्रालयले २०७६ साल कात्तिक २० मा प्रकाशित विज्ञप्तिबाट थप स्पष्ट भएको लिखित जवाफमा भनिएको छ ।

# सांस्कृतिक सम्पदाको संरक्षणका लागि इन्ट्याक परिचालन

काठमाडौं । नेपालमा ११ वटा साँस्कृतिक सम्पदाको भूकम्पपश्चातको पुनर्निर्माणका लागि काठमाडौं स्थित भारतीय राजदूतावासले इंडियन नेशनल ट्रष्ट फर आर्ट एण्ड कल्चरल हेरिटेजसँग (INTACH) एक सम्झौतापत्रमा हस्ताक्षर गरेको छ । उक्त सम्झौतापत्रमा भारत सरकारको तर्फबाट काठमाडौं स्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. अजयकुमार तथा INTACH का सदस्य सचिव डा. सि. टी मिश्राले हस्ताक्षर गरेका थिए । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका वरिष्ठ अधिकारी तथा नेपालका लागि भारतीय राजदूत मन्जीव सिंह पुरीले सो समारोहमा उपस्थिति जनाएका थिए । INTACH ले काठमाडौं, ललितपुर, भक्तपर र सोलुखुम्बु गरी चार जिल्लाका ११ वटा साँस्कृतिक सम्पदाको पुनर्निर्माणका लागि डिजाइन तथा परियोजना व्यवस्थापन परामर्श सेवा प्रदान गर्नेछ । साँस्कृतिक सम्पदाको पुनर्निर्माणका लागि नेपाल सरकारले तयार पारेको निर्देशिकाअनुरूप साँस्कृतिक सम्पदाहरूको पुनर्निर्माण तथा संरक्षणका लागि INTACH ले नेपाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको पुरातत्व विभागसँग मिलेर काम गर्नेछ । भारत भर १९० भन्दा बढी शाखाहरू रहेको यस INTACH विश्वको सबैभन्दा ठूलो साँस्कृतिक सङ्घठनहरू मध्येको एक हो । सन् २००७ मा संयुक्तराष्ट्र संघ आर्थिक तथा सामाजिक परिषद्का लागि INTACH लाई विशेष परामर्शदात्रीको रूपमा लिइएको थियो ।

## बिदाइ भेट

काठमाडौं । आफ्नो कार्यकाल सकेर स्वदेश फर्किन लागेका नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग बिदाई भेट गरेका छन् । परराष्ट्रमन्त्री ज्ञवालीलाई भेट्न पुरी सिंहदरबारस्थित परराष्ट्र मन्त्रालय पुगेका थिए । भेटमा नेपाल-भारत सम्बन्धका विविध आयामका बारेमा छलफल भएको परराष्ट्र मन्त्रालय स्रोतले बतायो । पुरीले सीमा विवाद हल गर्न भारत तयार रहेको बताएका थिए । पुरी २०१७को मार्चमा नेपालका लागि राजदूत बनेर आएका थिए । करीब २ वर्ष ९ महिना भारतीय राजदूतका रूपमा नेपाल बसेका पुरी यसअघिका राजदूतभन्दा कम विवादित मानिन्छन् ।

## "शान्ति नचाहनेले नेपाल र भुटानको सीमा प्रयोग गर्‍यो"

काठमाडौं । भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले भारतमा शान्ति नचाहने तत्वहरूले नेपाल र भुटानको सीमा प्रयोग गर्ने गरेको बताएका छन् । भारतको सीमा सुरक्षा बल (एसएसबी)को ५६ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले भुटान र नेपालसँग भारतको सौहार्दपूर्ण सम्बन्ध भए पनि केही तत्वहरूले खुला सीमाको फाइदा उठाउने गरेको बताए । 'भारतमा शान्ति देख्न नचाहने केही तत्वहरूले भारतमा घुस्न यी देशका सीमा प्रयोग गर्न खोज्छन्,' शाहले भने । उनले एसएसबीको सुरक्षाका कारण १ सय ३० करोड भारतीय शान्तिसँग सुत्न सकेको पनि बताए ।

## सीमामा सशस्त्र चेकपोष्ट दोब्बर थपिने

काठमाडौं । सरकारले सीमामा सशस्त्र चेकपोष्ट थप गर्ने निर्णय गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले सीमामा सशस्त्र चेकपोष्ट ११४ वटा थप गर्ने निर्णय भएको जानकारी दिए । यसअघि सीमामा १०७ वटा सशस्त्रको चेकपोष्ट थियो भने अब चेकपोष्ट थप गरिएसँगै त्यो संख्या २२१ हुनेछन् । सुरक्षा व्यवस्था सुदृढ बनाउन र सीमा सुरक्षा गर्न सशस्त्रको चेकपोष्ट थपिएको मन्त्री बाँस्कोटाले बताए ।

## सीमा नापजाँच सुरू

काठमाडौं । नेपाल-भारत संयुक्त संयन्त्रले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सीमा स्तम्भ मर्मत तथा द्विदेशीय नक्सांकनको काम सुरू गरेको छ । सन २०१९-२०२० का लागि भारतबाट आएका विज्ञसहितको चारवटा समूह सीमा क्षेत्रमा खटिएको हो । नापी विभागका अनुसार एक नम्बर टोलीले पूर्वमा मेची र कोशीसम्मको क्षेत्रमा अन्तर्राष्ट्रिय सीमा र सीमा स्तम्भको नाप-जाँच गरिरहेको छ । यस्तै, दुई नम्बर टोलीले कोशीदेखि नारायणीसम्म, तीन नम्बर टोलीले नारायणीदेखि कर्णालीसम्म र चार नम्बर टोलीले कर्णालीदेखि महाकालीसम्मको सीमाक्षेत्रमा काम गरिरहेको छ । संयुक्त टोलीमा दुवै देशका विज्ञसहित सशस्त्र प्रहरी समेत क्षेत्रमा खटिएका छन् । यो टोलीले सुस्ता र कालापानीबाहेक नेपाल-भारत सीमा क्षेत्रमा रहेका मुख्य, सहायक र साना सीमा स्तम्भको वास्तविक अवस्था हेर्ने र आवश्यकताअनुसार मर्मतदेखि निर्माणसम्म गर्नेछ ।

आर्थिक समाचार

ज्योति गौतम

## ग्लोबल आइएमईद्वारा पाँच लाख हस्तान्तरण

विराटनगर । नवरत्न कर्मचारी बचत खाता खोली कारोबार गर्दै आएका विराटनगरस्थित न्यूरो कार्डियो एण्ड मल्टी स्पेस्यालिटी हस्पिटलमा कार्यरत स्वर्गीय अन्जली कुमारी माझीको सडक दुर्घटनामा परी मृत्यु भएको हुँदा विमितले पाउने रकम रू ५ लाख रूपैयाँ उनको परिवारलाई ग्लोबल आइएमई बैंक लिमिटेड विराटनगर शाखाले हस्तान्तरण गरेको छ । ग्लोबल आइएमई प्रदेश १ का सहायक प्रदेश प्रमुख सुजन श्रेष्ठ र न्यूरो कार्डियो एण्ड मल्टी स्पेस्यालिटी हस्पिटलका अध्यक्ष डा. विरेन्द्र कुमार बिष्टले सयुक्त रूपमा स्वर्गीय माझीको परिवारलाई विमान्कित रकम हस्तान्तरण गरेका छन् ।

## प्राइम र कैलाशबीच अन्तिम सम्झौता

काठमाडौं । प्राइम कमर्सियल बैंक लिमिटेडले "ख" वर्गको वित्तीय संस्था कैलाश विकास बैंक लिमिटेडलाई प्राप्ति -(एक्विजिसन) गर्ने सम्बन्धमा आज अन्तिम सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सो सम्झौतापत्रमा प्राइम कमर्सियल बैंकका तर्फबाट सञ्चालक समितिका अध्यक्ष राजेन्द्रदास श्रेष्ठ र कैलाश विकास बैंक लिमिटेडका तर्फबाट सञ्चालक समितिका अध्यक्ष नारायण प्रसाद पौडेलले एक समारोहका बीच सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । कैलाश विकास बैंकलाई प्राप्ति पश्चात प्राइम कमर्सियल बैंकको कुल शाखा संख्या १९९ हुनेछ ।

## मई २१ अन्तर्राष्ट्रिय चिया दिवस

काठमाडौं । भारतको सिफारिसमा संयुक्त राष्ट्र महासभाले २१ मईलाई अन्तर्राष्ट्रिय चिया दिवस घोषणा गरेको छ । भारतले चार वर्षअघि मिलानमा भएको अन्तर्राष्ट्रिय खाद्य र कृषि संगठन (एफएओ) को अन्तर सरकारी समुहको बैठकमा यो प्रस्ताव अघि सारेको थियो । अहिले हरेक १५ डिसेम्बरमा चिया उत्पादन गर्ने देशहरूमा अन्तर्राष्ट्रिय चिया दिवस मनाइन्छ । यसमा भारत, नेपाल, बंगलादेश, श्रीलंका, तान्जानिया र अन्य केही देश सामेल छन् ।

## मानव सेवा केन्द्रलाई एम्बुलेन्स सहयोग

रौतहट । मानव सेवा केन्द्र रौतहटलाई भारत सरकारको तर्फबाट एम्बुलेन्स सहयोग प्राप्त भएको छ । गौर नगरपालिकाकी उपप्रमुख तथा मानव सेवा केन्द्र रौतहटकी अध्यक्ष किरण ठाकुर र कृषि विज्ञ एवं समाजसेवी डा. श्रीभगवान ठाकुरको विशेष पहलमा मानव सेवा केन्द्रलाई एम्बुलेन्स प्राप्त भएको छ । सहयोगमा प्राप्त उक्त एम्बुलेन्सबाट सेवा केन्द्र साथै रौतहटको स्वास्थ क्षेत्रमा ठूलो टेवा पुग्ने विश्वास लिइएको छ ।

## अर्घाखाँची सिमेन्टको उत्पादन वृद्धि

भैरहवा । अर्घाखाँची सिमेन्टले ४ गुणा बढीले आफ्नो दैनिक उत्पादनमा वृद्धि गरेको छ । दैनिक ७ सय टन सिमेन्ट उत्पादन गरिरहेकोमा हिजो ३ हजार टन उत्पादन गरेको उद्योगका सञ्चालक पशुपति मुरारकाले बताए । 'हालसम्म उद्योगमा ७ अर्ब रूपैयाँ बराबरको लगानी गरेका छौं,' उनले उद्योग स्थलमा पत्रकारसँगको राउन्ड टेबलमा भने,'नेपाली बजारको माग अनुसार नै उत्पादन बढाएका हौं ।' उनका अनुसार त्यहाँ ११ सयजनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

## कैलालीमा बजाज सोरूम

धनगढी । नेपालका लागि बजाज मोटरसाइकलको अधिकृत वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रा.लिले कैलालीको अत्तरियामा आधुनिक एवं सुविधासम्पन्न नयाँ सोरूम 'रूद्र अटोमोटिभ्स ' सुरू गरेको छ । उक्त सोरूमले आफना ग्राहकलाई उच्चस्तरीय सेवा पुऱ्याउँदै सधैं अगाडि बढ्ने र बजाजको सेल्स, सर्भिस र स्पेयर देशभर उपलब्ध गराउने उद्देयलाई सार्थक बनाउन सहयोग गर्ने कम्पनी द्वारा जारी विज्ञप्तिमा उल्लेख छ । नयाँ सोरूमले ग्राहमलाई बाइकको स्पेयर पार्टस तथा एसेसरिज खरिदका लागि सहज बनाउने छ ।

## भारत-चीन सीमा निरीक्षण गर्न समिति

काठमाडौं । सरकारले चीन र भारतसँगका सीमा समस्या बुझी सूचना संकलन गर्न दुइटा 'सीमा निरीक्षण समिति' गठन गरेको छ/ । सीमा क्षेत्रमा हुने अतिक्रमण, विवाद, निर्माण भएका र निर्माणाधीन भौतिक पूर्वाधार तथा द्विपक्षीय प्रभावलगायत विषयमा अध्ययन गर्न समिति गठन गरिएको हो/ । नेपाल-चीन समितिको संयोजकमा परराष्ट्र मन्त्रालय उत्तरपूर्वी एसिया महाशाखाका प्रमुख कालीप्रसाद पोखरेल छन्/ । यस्तै परराष्ट्रकै दक्षिण एसिया महाशाखाका प्रमुख यज्ञबहादुर हमालले नेपाल-भारत सीमा निरीक्षण समितिको नेतृत्व गर्नेछन्/ । भारततर्फ नेपालको सीमा स्तम्भ ताप्लेजुङमा सुरू भई दार्चुलामा पुगेर टुंगिएको छ/ भने चीनतर्फ भने नेपालको सीमा दार्चुलाको लिपुलेकबाट पूर्वमा पाँचथरको झिङसाङ चुलीसम्म छ/ । दुवै समितिमा परराष्ट्रसहित गृह, रक्षा र भूमि व्यवस्था मन्त्रालय (नापी विभाग) तथा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) प्रतिनिधि छन्/ ।

# सहमति...

चुनावी अंकगणित हेर्दा यसको दूरगामी राजनीतिक तस्बिर प्रष्ट हुन्छ ।

प्रदेश २ मा नेकपाको सबैभन्दा बढी ३०३० मत (इलेक्टोरल कलेज) छ भने दोस्रो ठूलो मत समाजवादीसँग छ । उसको २३७६ मत रहेको छ । त्यस्तै नेपाली कांग्रेससँग २३७० मत छ भने राजपासँग २१७२ मत छ । नेकपा जोसँग मिल्छ त्यही गठबन्धनले चारै सिट जित्ने पक्का छ । प्रमुख प्रतिपक्षी कांग्रेससँग नेकपा मिल्ने कुरै थिएन । बाँकी दुईमध्ये समाजवादी पार्टी अहिले सत्तारूढ गठबन्धनमा छ । त्यसैले समाजवादीसँगको तालमेल स्वभाविक देखिन्थ्यो । समाजवादी त्यसका लागि इच्छुक पनि थियो । अझ समाजवादी पार्टीलाई उसले पहिले जितेको एक सिटमात्र दिएर आफैं तीन सिट राख्ने सुविधा पनि नेकपालाई थियो ।

नेकपाले भने समाजवादीलाई पन्छाउँदै दुई सिट दिएर भए पनि राजपालाई छान्यो । त्यसैले यसलाई चुनावी नभनेर राजनीतिक गठबन्धन भनिएको हो । यसको अर्थ आगामी दिनमा पनि नेकपा-समाजवादीको सट्टा राजपासँग मिलेर अघि बढ्न तयार भएको देखिएको छ । किनभने सहमितिको दोस्रो बुँदाले प्रष्ट भनेको छ यो नेकपा-राजपा सहकार्यको सुरूवात मात्रै हो ।

यो सहमतिले सबैभन्दा बढी सर्शकित समाजवादी पार्टी बनेको छ । एकातिर सत्ताको नेतृत्व गरेको दलले आफूलाई छाडेर राजपासँग चुनावी तालमेल गरेको छ भने अर्कोतिर दुई वर्षअगाडि चुनावी तालमेल गरेको राजपाले आफूलाई नसोधिकन सत्ताको नेतृत्व गरिरहेको दलसँग चुनावी गठबन्धन बनाएको छ । जबकी मंसिरमा भएको उपनिर्वाचनमा समेत यी दुई दलले तालमेल गरेका थिए ।

नेकपा र राजपाबीचको चुनावी तालमेल अझै अगाडि बढेर सत्ता गठबन्धनसम्म पुग्यो भने समाजवादी पार्टी संघीय सरकार र प्रदेश २ को सरकारबाट पनि बाहिरिन पर्ने हुन्छ ।

प्रदेश २ को प्रदेशसभा १०७ सदस्यीय छ । बहुमत पुग्न ५४ जना सांसद चाहिन्छ । अहिले समाजवादीको ३० र राजपाको २५ गरी ५५ सांसद छन् । प्रदेश २ मा नेकपा सबैभन्दा ठूलो दल बनेको छ । ऊसँग ३२ जना सांसद छन् । त्यसैले नेकपा र राजपाले यहाँ सरकार बनाउन चाहे भने समाजवादी पार्टी सत्ताबाट बाहिरिन पर्ने हुन्छ ।

प्रधानमन्त्री केपी ओली र उपप्रधानमन्त्री उपेन्द्र यादवबीच पछिल्ला दिनमा सम्बन्ध राम्रो छैन । यसअघि मन्त्रिपरिषद पुनर्गठन गर्दा यादवलाई जानकारी नै नदिइकन प्रधानमन्त्री ओलीले उनलाई स्वास्थ्य मन्त्रालयबाट कानुनमा पठाएका थिए । उपेन्द्र यादवले मुख नखोले पनि उनको पार्टी पछिल्लो मन्त्रिपरिषद् पुनर्गठनबाट सन्तुष्ट भने छैनन् । यस्तै यादवले समय समयमा सरकार छाड्ने धम्की पनि दिदैं आएका छन् । अहिलेको सहमतिले समाजवादी पार्टीलाई भने नैतिक दबाब समेत बढेको छ ।

यो गठबन्धनसँगै राजपा र समाजवादीबीचको दूरी झन बढ्नेछ । दुवै दलबीच जारी एकता वार्ता थप अन्योलमा परेको छ । यी दुई पार्टीबीच एकता भएर तेस्रो ठूलो दल बनेका भए भोलि प्रमुख प्रतिपक्षी दलसँग चुनावी तालमेल अघि बढ्न सक्थ्यो । त्यसले नेकपालाई विशेषगरी मधेशमा ठूलो चुनौती खडा गर्न सक्थ्यो । नेकपाले राजपा र समाजवादी पार्टीबीचको दूरी बढाइदिएर आफ्ना लागि सजिलो बनाएको छ ।

# यस्तो...

राजा महेन्द्रद्वारा संसदीय निर्वाचन गराउनु आदि राजनीतिक घटनाहरूमा ध्यान दिने हो भने ०१७ सालको शाही 'कू' योजनाबद्ध र चरणबद्ध थियो भन्ने अनुमान स्वाभाविक देखिन्छ ।

जहाँसम्म देशभक्ति र राष्ट्रियस्वाभिमानको प्रश्न छ, त्यसमा उनले पनि विगतका शासनहरू जस्तै भारतीय शासकवर्गको सदासयता खोजेकै देखिन्छ । भारतमा तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले विभिन्न व्यक्तिहरूलाई लेखेको पत्र र उनका वैचारिक लेखहरूको संग्रह 'सेलेक्टेड वर्क्स अफ जवाहरलाल नेहरू'को नामबाट कयौं खण्डमा प्रकाशित छ । त्यसको ६५औं खण्डमा राजा महेन्द्रले आफूले सत्ताकब्जा गरेको औचित्यता पुष्टि गर्दै १६ दिसम्बर १९६० मा नेहरूलाई लेखेको पत्र संग्रहित छ । त्यस पत्रको अनुवाद यस्तो छ :

*मेरा प्रिय मित्र,*

*हामीबीच हाम्रो देशको अवस्थाहरूका बारेमा विभिन्न अवसरमा भएका छलफल सम्झिँदा मलाई आनन्द महसूस हुन्छ । मैले यो अवसर तपाईलाई यो सूचित गर्नका लागि उपयोग गर्दछु कि मैले हालैको कदम चाल्नु पर्नाका कारण देशलाई अराजकता र उत्पातबाट बचाउनको लागि हो । वर्तमान कदम बाँकी सम्पूर्ण प्रयासहरू असफल भएपछि अवलम्बन गरिएको हो । शाही घोषणाको प्रतिलिपि (तपाईलाई अध्ययन गर्न भनेर) यसै पत्रमा समाविष्ट गरेको छु । साथै महामहिम राष्ट्रपति डा. प्रसाद (राजेन्द्र प्रसाद)लाई सोही अनुसार जानकारी गराउन सादर आग्रह गर्दछु ।*

*मेरो विचारमा सदैव नेपाललाई हुने कुनै पनि क्षति भारतको हितमा हुने छैन । मैले गम्भीरतापूर्वक चालेको कदमको सच्चाईका बारेमा शायद समयले मात्र बताउनेछ । मलाई विश्वास छ, दुई देशबीचको मित्रता दिनप्रतिदिन बढ्नेछ र हाम्रो आपसी समझदारी एकअर्कालाई सहयोग हुने नै छ । तपाईलाई नेपालभरिको अवस्था सामान्य रहेको थाहा पाउँदा प्रसन्नता मिल्नेछ । योभन्दा बेसी मेरो विचारमा तपाईंका राजदूतबाट जानकारी पाउनु हुने नै छ ।*

*शुभेच्छा र सम्मानसहित,*

*तपाईंको (अति) भवदीय*

*महेन्द्र*

(स्रोत : हिमालखबर, असोज ४, २०७३)

राजा महेन्द्रले अन्तरंग शैलीमा लेखिएको यस पत्रसंग शाही घोषणाको प्रतिलिपि पठाउनुको कारण के थियो भने नेहरूले नेपालमा राजसंस्था र नेपाली काँग्रेसमात्र प्रमुख दुई शक्ति रहेको तथा यसको आपसी समझदारीमा मात्र नेपालको हित सुरक्षित रहेको धारणा पटक-पटक व्यक्त गर्दै आएका थिए । (उल्लेखनीय छ, राजसंस्थासँग तालमेलको राजनीतिक लाइन नेपाली काँग्रेसले धेरैपछि गणतन्त्र घोषणा हुन्जेलसम्म लिइराखेको देखिन्छ । बरू गिरिजाप्रसाद कोइरालाले गणतान्त्रिक लाइन लिएपछि कृष्णप्रसाद भट्टराई जस्ता वरिष्ठ नेताको असन्तुष्टि र नेकासंग सम्वन्धविच्छेद ऐतिहासिक तथ्य छ ।) एक महिनापछि, तत्कालीन परराष्ट्रमन्त्री तुलसी गिरीसँगको कुराकानी पछि २३ जनवरी १९६१ मा नेहरूले राजा महेन्द्रको पत्रको जवाफ फर्काए । पाँच पृष्ठ लामो त्यस जवाफी पत्रमा नेहरूले लोकतन्त्रबारे आफ्नो सैद्धान्तिक र दार्शनिक समझदारीको चर्चा गर्दै राजा महेन्द्रको कदमलाई गैरप्रजातान्त्रिक भन्दै संसद पुनर्गठन गरेर नयाँ निर्वाचनमा जान सुझाव दिए । पत्रको अन्तमा उनले लेखेका थिए–*विश्व जनमतले पनि आजका मितिमा प्रजातान्त्रिक प्रक्रियालाई पूर्णरूपमा उल्ट्याउने कुरा स्वीकार्न सक्दैन ।*

राजा महेन्द्रको राष्ट्रिय स्वाभिमानको छद्मता त्यतिबेला झन् उदाङ्गो भयो, जतिबेला उनले कालापानीमा भारतीय सेनाको उपस्थितिलाई मौन सहमति जनाए, विरोध गरेनन् । यति मात्र कहाँ हो र, नक्सा समेत यसै अनुकूल बनाउन लगाए । उनी शायद भारतीय शासक वर्गको अनुग्रह प्राप्त गरेर आफ्नो तानाशाही शासन दीर्घ बनाउन चाहन्थे ।

राजतन्त्र एउटा निरंकुश शासन व्यवस्था मात्र होइन, एउटा (पुरातन) विचारधारा पनि हो । यसका अनुयायीहरूले र सामन्तवादी वैचारिकताबाट विकसित समाजको एउटा हिस्साले समाजको हित यसै माध्यमबाट हुनसक्छ भनेर निरपेक्ष रूपमा विश्वास गर्छ । नेपालमा गणतन्त्रको अभ्यास गरिरहेको बाह्र वर्ष बितिसक्केको भएपनि समाजको एउटा हिस्सा निर्दोष रूपमा राजतन्त्रप्रति मोह राख्छ । यस्तो सोचाई राख्नेमध्ये अधिकांश कुनैबेला राज्यव्यवस्थामा सानो-ठूलो अंगको रूपमा सामेल रहनेहरू हुन् । र, केही यिनीहरूबाट प्रभावित । वर्तमान गणतन्त्रका सञ्चालक राजनीतिक शक्तिहरूबीचको किचलो, सत्तालोलुपता, गैरजनवादी चरित्र तथा त्रुटिपूर्ण व्यवहारलाई देखाएर यिनीहरू विगतलाई नै राम्रो सिद्ध गर्ने प्रयास गरिरहेका हुन्छन् । निश्चय नै अहिलेको सत्ताधारीहरू योग्य छैनन् । तर यस्को विकल्प श्रमजीविवर्ग तथा उत्पीडित समुदायको नेतृत्वको अग्रगामी जनतन्त्र हुनसक्छ । राजतन्त्र त कदापि हुनसक्दैन, जसले जनतालाई दोयम ठान्छ र आफूलाई श्रेष्ठ ।

राजा महेन्द्रले ०१७ साल पुस २२ गते संसदीय व्यवस्था खारेज गरेर सम्पूर्ण अधिकार आफ्नो हातमा लिएका थिए । त्यसको दुई वर्षपछि ०१९साल पुस १ गते पञ्चायती प्रजातन्त्र नामक निरंकुश राजतन्त्रात्मक संविधान जारी गरेका थिए । नेपाली इतिहासमा यो दिन एउटा नकारात्मक पाठको रूपमा दर्ज छ, जसले जनवादी शक्तिहरू विभाजित र विचलित भए फासीवादी शक्ति सहजै हाबी हुने गर्छ र जनताले अथक संघर्ष र आफ्नो हजारौं सर्वोत्तम छोरा छोरीहरूको बलिदान दिएर यसको मूल्य चुक्ता गर्नुपर्ने हुन्छ भन्ने शिक्षा दिन्छ । वर्तमानमा जनता र राजनीतिक शक्तिहरू, दुवैले यस पाठको मनन गर्नु आवश्यक छ ।







## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं